पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४७०३५७७, ९७६१९१५४००,
९८४११५९२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २७२ | काठमाडौं | शनिबार, १७ माघ २०८२ | Prabhab National Daily | Saturday, 31 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-

## 'फास्ट ट्र्याक'को प्रगति उत्साहजनक



- भौतिक प्रगति ४५.१६ र वित्तीय प्रगति ४५.३३
- हालसम्म सातवटामध्ये चारवटा सुरूङ ब्रेक-थ्रु
- धरहराभन्दा अग्ला ८२ मिटरसम्म उचाइका विशेष प्रकृतिसहित १३ स्थानका पुल निर्माण सम्पन्न

**लेनडाँडा (मकवानपुर)**– देशको राष्ट्रिय गौरवका आयोजनामध्ये सर्वाधिक प्राथमिकताप्राप्त काठमाडौं-तराई/मधेस द्रूतमार्ग (फास्ट ट्र्याक) निर्माणको प्रगति ४५ प्रतिशत पुगेको छ। नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको उक्त आयोजनाको हाल समष्टिगत भौतिक प्रगति ४५.१६ र वित्तीय प्रगति ४५.३३ रहेको छ।

आयोजनाअन्तर्गतका महादेवडाँडा, धेद्रे, लेनडाँडा, चन्द्रामभिर, देवीचौर, सिसौटार र मौरीभिरमा बनाइने सातमध्ये पाँचवटा सुरुङ निर्माणाधीन छन्। हालसम्म मकवानपुरको धेद्रे तथा लेनडाँडाका (दुईतर्फी) चारवटा सुरुङ (ब्रेक-थ्रु) भइसकेको नेपाली सेना सडक निर्माण आयोजना कार्यदलले जनाएको छ।

सेनाका अनुसार चालु आर्थिक वर्षको अन्त्यसम्ममा थप दुई जोडी सुरुङ ब्रेक-थ्रु हुनेगरी काम अघि बढाइएको छ। ती सबै सुरुङको कूल लम्बाइ १०.९७९ किलोमिटर छ। ललितपुरको खोकनादेखि सुरु भई काठमाडौं, मकवानपुरहुँदै बाराको निजगढस्थित पूर्वपश्चिम राजमार्गमा जोडिने कूल ७०.९७७ किलोमिटर लम्बाइको उक्त द्रूतमार्ग पहाडी क्षेत्रमा २५ र तराईमा २७ मिटर चौडाइको हुने छ। आयोजनाअन्तर्गत ललितपुरमा नौ, काठमाडौंमा ४.६, मकवानपुरमा ४९.७ र बारामा ७.६ किलोमिटर सडक निर्माण हुने छ।

द्रूतमार्गअन्तर्गत साना तथा ठूलागरी ८९ वटा पुल निर्माण हुने छन्। हालसम्म काठमाडौंको धरहराभन्दा अग्ला ८२ मिटरसम्म उचाइका विशेष प्रकृतिसहित १३ स्थानका पुल निर्माण सम्पन्न भइसकेको छ। आयोजनाअन्तर्गत ८५ स्थानका पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेको नेपाली सेनाका प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले जानकारी दिए।

कार्यदलका अनुसार बाँकी चार स्थानका पुलका लागि जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको आयोजना कार्यदलले जनाएको छ। निर्माणाधीन पुलमध्ये ५४ वटाको फाउण्डेसन र ३४ स्थानका पुलको सबस्ट्रक्चर सम्पन्न भएको छ। विशिष्ट प्रकृतिका त्यस्ता पुलहरू एकैसाथ धमाधम निर्माण भइरहेकाले निर्धारित मितिमै आयोजना सम्पन्न हुने सुनिश्चित भएको सेनाले जनाएको छ।

चालु आर्थिक वर्षको अन्त्यसम्म १५ स्थानका पुल निर्माण सम्पन्न हुने जनाइएको छ। ती सबै पुलको कूल लम्बाइमात्रै पनि १२.८८५ किलोमिटरभन्दा बढी हुने छ। आयोजनाअन्तर्गत ११ किलोमिटर सडकको सबवेस तथा सर्भिस लेनमा पाँच किलोमिटर सडक कालोपत्र गरिसकिएको छ।

द्रूतमार्गको निजगढ क्षेत्रमा टोल प्लाजा भवन निर्माण भएको तथा इन्टरचेञ्जको कार्य भइरहेको जनाइएको छ। त्यस्ता इन्टरचेञ्ज खोकना, बुदुने र निजगढमा रहने छ। आयोजनाका लागि आवश्यक पर्ने १५ हजार ४१६ रोपनीमध्ये खोकना क्षेत्रमाबाहेक अन्य क्षेत्रको जग्गा अधिग्रहण यसअघि नै भइसकेका छन्। राजधानीलाई छोटो दूरीमा तराईसँग जोड्ने 'एसियन हाइवे स्टयाण्डर्ड'को रणनीतिक महत्त्वको यो देशकै पहिलो द्रूतमार्ग हो।

क्रमशः पृष्ठ २ मा

## कांग्रेस उम्मेदवारलाई आफ्नैको डर

- पूर्वसभापति शेरबहादुर देउवा उनले कार्यवाहक सभापतिको जिम्मेवारी दिएका पूर्णबहादुर खड्का, प्रकाशमान सिंह, कृष्ण सिटौला, बालकृष्ण खाण, डा शशांक कोइराला, रमेश लेखकहरु निर्वाचनबारे मौन
- कांग्रेसले सभापति थापालाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा प्रस्तुत गरेको छ। संसदीय दलमा आफ्नो पक्षमा मत निकाल्न थापापक्षले पूर्वसंस्थापनका उम्मेदवारलाई हराउन र पूर्वसंस्थापन भने गगनपक्षलाई हराउन लागिपर्ने रणनीतिमा





■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाली कांग्रेसका उम्मेदवारहरू चुनावी घरदैलोमा निस्कनुअघि आफ्नै नेताहरूलाई रिझाउन लागिपरेका छन्। विशेषगरी पूर्वसंस्थापनपक्ष फागुन २१ गते हुने निर्वाचनमा नखुल्दा उनीहरू पूर्वसंस्थापनलाई रिझाएर मात्र घरदैलोमा निस्कने तयारीमा छन्।

डडेलधुरामा टिकट पाएका नैनसिंह महरले अझैसम्म चुनावी घरदैलो सुरु गरेका छैनन्। विशेष महाधिवेशनबाट गगन थापा सभापति बनेसँगै धेरैले गगनको फोटोसहित आफ्नो पोस्टर बनाउँदा नैनसिंहले यसखाले पोस्टर सार्वजनिक गरेका छैनन्।

डडेलधुरा निवर्तमान सभापति शेरबहादुर देउवाको पकड क्षेत्र हो। त्यसैले देउवाको आशीर्वाद नलिई महर उक्त क्षेत्रमा ननिस्कने डडेलधुराका कांग्रेस नेताहरू बताउँछन्। विशेष महाधिवेशनबाट गगन सभापति भएपछि देउवाले अहिलेसम्म कुनै प्रतिक्रिया दिएका छैनन्। न त चुनावी प्रचारमै निस्किएका छन्। देउवामात्र हैन, उनले कार्यवाहक सभापतिको जिम्मेवारी दिएका पूर्णबहादुर खड्का, प्रकाशमान सिंह, कृष्ण सिटौला, बालकृष्ण खाण, डा. शशांक कोइराला, रमेश लेखकहरू पनि मौन छन्।

उनीहरूले मौनता साँधेसँग कांग्रेसमा अन्तरघातको त्रास छाएको देखिन्छ। यही कारण होला, शुक्रबार धनुषा पुगेर सभापति थापाले आफू देउवासँग निरन्तर संवादमा रहेको दाबी गर्दै कार्यकर्तालाई ढाडस दिए। 'भर्खरै कांग्रेसको अधिवेशन गरेर नयाँ नेतृत्व आएका छौं। पार्टीभित्र कसैमाथि दोष र रिस राग छैन। म पार्टीका निवर्तमान सभापति, आदरणीय शेरबहादुर देउवासँग निरन्तर संवादमा छु, पार्टीका अरु नेताहरूसँग पनि संवादमा छु,' थापाले भने, 'हामीबीच केही कुरामा मतभेद हुन्छ, तर अन्तिममा एक ढिक्का हुन्छौं। अहिले एक ढिक्का छौं।'

पार्टीभित्रको आन्तरिक किचलो सतहमा देखिएसँगै गगनले यस्तो सधैं नरहने तर्क गरे। थापाले यस्तो अन्तरघात कहीँ कतै सुन्न नपरोस् भन्दै घुमाउरो पारामा चेतावनीसमेत दिए। गगनले पार्टीभित्र कुनै गुट नरहेको र एकले अर्कोलाई सघाउनुपर्ने तर्क पेस गरे। 'पार्टीभित्र कुनै गुट छैन, रहँदा पनि रहँदैन। कसैले एउटा कुरा पनि नराखीकन तपाईंहरूले काम गरिदिनुहोला। यो हिजोको पार्टी होइन, हामी फरक ढंगले आएका छौं, फरक सोचका साथमा आएका छौं। कुनै साथीले कहीँ पनि मनमा एउटा पनि कुरा नराखेर काम गर्नुहोला। असहयोग गरेको विषयमा कहीँ कतै सुन्नु पर्दैन भन्नेमा ढुक्क छु।'

सभापति थापाले यसपटक १२० जना आफूनिकट नेताहरूलाई उम्मेदवार बनाएका छन्। जसमा १०६ जना नयाँ अनुहारका छन्। यी नेताहरू अहिले पूर्वसंस्थापनलाई रिझाउन व्यस्त देखिन्छन्। सिन्धुपाल्चोकका सभापति जंगबहादुर लामाले जिल्लाका कांग्रेस नेता मोहन बस्नेतसँग भेट्ने प्रयास गरिरहेका छन्। बस्नेतको आशीर्वाद लिन सिन्धुपाल्चोक-२ का उम्मेदवार वंशलाल तामाङ बुधबार भक्तपुरको बालकोट पुगेका थिए।

यता दोलखामा उम्मेदवार रहेका अजयबाबु शिवाकोटीले पूर्वसंस्थापनका नेताहरू कुन्दनराज काफ्लेदेखि ताराबहादुर कोइरालासम्म भेटेका छन्। विशेष महाधिवेशनबाट असन्तुष्ट धेरैजसो नेताहरू अहिले चुनावी प्रचारमा निस्केका छैनन्।

काठमाडौंलाई प्रकाशमान सिंहको गड मानिन्छ। काठमाडौं-१ क्षेत्रबाट उम्मेदवार बनेका प्रबल थापा केही दिनअघिमात्र चाक्सीबारी पुगेर सिंहलाई रिझाउन प्रयास गरेका थिए। यद्यपि, सिंह परिवार असन्तुष्ट रहेको बताइन्छ। केही दिनअघि यो असन्तुष्टि सिंहकी पत्नी सिर्जना सिंहले सामाजिक सञ्जालबाट पोखेकी थिइन्। 'जो आए पनि कानै चिरेका त हुने रहेछ नि ! क्षेत्रबाट सिफारिस गर्ने भन्छन्, विधि र विधानमा भन्दै सिफारिस गर्न लगाउँछन्, अनि टिकट भने खल्तीबाट,' गगनप्रति असन्तुष्टि पोख्दै सिंहले लेखेकी छन्।

> भर्खरै कांग्रेसको अधिवेशन गरेर नयाँ नेतृत्व आएका छौं। पार्टीभित्र कसैमाथि दोष र रिस राग छैन। म पार्टीका निवर्तमान सभापति, आदरणीय शेरबहादुर देउवा र पार्टीका अरू नेताहरूसँग पनि निरन्तर संवादमा छु।
>
> **गगन थापा**
> सभापति, नेपाली कांग्रेस

> अवस्था निकै नाजुक छ। यो क्षति रोक्न सभापति थापाले केही न केही गर्नैपर्छ।
>
> **कांग्रेसका एक पदाधिकारी**

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## साउदीका चार उच्च पदस्थ पेसा साउदी नागरिकलाई सीमित

■ प्रभाव संवाददाता



**काठमाडौं**– साउदी अरेबियाले चार उच्च पदस्थ पेसा साउदी नागरिकहरूका लागिमात्र सीमित गरेको छ। साउदी सरकारले यही जनवरी २९ बाट तोकिएका चारवटा पेसामा परिवर्तित हुन पाउने सुविधा लिन बन्द गरिसकेको जनाइएको छ।

नयाँ नियमअनुसार जनरल म्यानेजर, सेल्स रिप्रिजेन्टेटिभ, मार्केटिङ स्पेसलिस्ट र प्रोक्युरमेन्ट म्यानेजरमा विदेशी कामदारको भर्ना बन्द भएको छ। यी पेसाहरू विदेशी कामदारका लागि उपलब्ध विकल्पहरूबाट पूर्णरूपमा हटाइएको साउदीका सञ्चारमाध्यमले जनाएका छन्। हाल काम गरिरहेका जनरल म्यानेजरलाई प्रमुख कार्यकारी अधिकारी (सिइओ) वा अध्यक्षजस्ता वैकल्पिक पदहरूमा स्थानान्तरण हुन भनिएको छ। यसका लागि उनीहरूले व्यावसायिक आवश्यकताहरू कडाइका साथ पूरा गर्नुपर्ने भनिएको भएको छ।

साउदीले आधिकारीक किवा प्लेटफर्ममार्फत वरिष्ठ र व्यावसायिक पदहरूमा काम गर्ने विदेशीका लागि पेसागत परिवर्तन गर्न पाउने नियम हटाएको हो। त्यहाँको मानव स्रोत तथा सामाजिक विकास मन्त्रालयले नयाँ नियमहरू निजी क्षेत्रका विभागहरूमासमेत लागू हुने जनाएको छ।

जनवरीबाटै लागू हुनेगरी मार्केटिङ र सेल्समा तीन वा बढी कर्मचारी भएका कम्पनीहरूले कर्मचारीको टिमको ६० प्रतिशत हिस्सा साउदीका कामदारको रहेको सुनिश्चित गर्नुपर्ने भएको छ। साथै, यी स्थानीय कम्पनीहरूले साउदीका मार्केटिङ र सेल्सका कर्मचारीलाई कम्तीमा मासिक तलब पाँच हजार ५०० साउदी रियाल रइञ्जिनियरिङ तथा प्राविधिक भूमिकामा काम गर्नेहरूका लागि आठ हजार साउदी रियाल दिनुपर्ने नियम लगाएको छ।

रोजगारदाताले अब गैरसाउदी कामदारका लागि उक्त रोजगारीहरू प्रस्ताव गर्न वा अद्यावधिक गर्न पाउँदैनन्। अब विदेशी कामदारको वर्क पर्मिट लिने प्रक्रिया पनि अगाडि नबढ्ने जनाइएको छ। यस प्रणालीले प्रत्येक कम्पनीमा काम गर्ने विदेशी कामदारको कुल संख्यामा सीमा राख्ने भनिएको छ। उक्त सीमा भरिसकेपछि कम्पनीहरूले आवश्यक परेको अवस्थामा पनिथप विदेशी कामदारका लागि कार्य अनुमति जारी गर्न नसक्ने समाचारमा भनिएको छ। सरकारले साउदीका नागरिकलाई प्राथमिकता दिन भर्ना नीतिहरू समायोजना गरेको भनिएको छ। नयाँ नियम पालना नगर्ने संस्थाको भर्ना प्रक्रिया ब्लक गर्ने, जरिवाना लगाउने वा कम्पनी बन्द गरिने जनाइएको छ।

यो नीति रोजगारीमा गुणस्तर ल्याउन अघि सारिएको मन्त्री अहमद अल-राजहीले बताएको समाचारमा उल्लेख गरिएको छ। सरकारले नागरिकलाई प्रारम्भिक स्तरको कामबाट रणनीतिक र निर्णायक भूमिकामा आवद्ध गराउने जनाइएको छ। यसका लागि विदेशी कामदारको तुलनामा आकर्षित पारिश्रमिक पनि तोकिएको हो।

विदेशी कामदारहरूलाई जनरल म्यानेजरबाट हटाएर नीजि क्षेत्रको नेतृत्वकर्ता साउदीका नागरिक स्वयम्लाई बनाउने चाहेको मन्त्रालयले भनेको छ। यो योजना साउदीको भिजन २०३० को एक प्रमुख हिस्सा रहेको सरकारको दाबी छ, जसको उद्देश्य विगतदेखि नै विदेशी प्रतिभाले ओगटेका उच्च ओहोदाका जिम्मेवारीहरू आफ्नै नागरिकहरूलाई दिएर बेरोजगारी दर घटाउनु हो।

क्रमशः पृष्ठ २ मा

## गैरकानुनी कार्य नगर्न अमेरिकामा रहेका नेपालीहरूलाई दूतावासको अपिल

**काठमाडौं (प्रस)**– अमेरिकामा विभन्न तरिकाले बसोबास गर्दै आएका नेपालीहरूले अमेरिकाको कानुन र विधिसम्मत गतिविधि गर्न यहाँस्थित राजदूतावासले अपिल गरेको छ।

बिहीबार एक सार्वजनिक सूचना प्रकाशित गर्दै दूतावासले अध्ययन, भ्रमण, रोजगारी, व्यवसाय तथा परिवार वा आफन्त भेटघाट इत्यादिका सिलसिलामा संयुक्त राज्य अमेरिकामा रहेका कुनै विदेशी नागरिक अमेरिकामा रहँदा अवैधानिक तवरले वा गलत सूचना वा विवरण पेस गरी अमेरिकी सरकारले आफ्ना नागरिकहरूका लागि उपलब्ध गराउने गरेको सहुलियत नलिनसमेत अपिल गरेको छ।

दूतावासले प्रकाशित गरेको विज्ञप्तिमा भनिएको छ, 'अमेरिकी सरकारले आफ्ना नागरिकका लागि उपलब्ध गराउने गराएको सहुलियतपूर्ण स्वास्थ्योपचार सुविधा, आवास सुविधा, परिवार सहायता, शैक्षिक सहायताजस्ता कुनै पनि सुविधा वा सहायतामाथि निर्भर भए/गरेको पाइएमा त्यस्तो कार्यमा संलग्न व्यक्तिको भिसा वा ग्रिनकार्ड स्टाटसमा सोझै असर पर्ने र रद्दसमेत हुने जानकारी सम्बन्धित अमेरिकी अधिकारीहरूबाट प्राप्त भएको छ।'

विज्ञप्तिमा दूतावासले अमेरिका आएका नेपालीहरूमध्ये सन् २०२४ मात्र नेपाली नागरिकहरू अमेरिकी सरकारका सहुलियतपूर्ण सेवा लिनेहरूको माथिल्लो सूचीमा रहेका पाइएकाले नेपालीका लागि हाललाई आप्रवासी भिसा बन्द गरेको सम्बन्धमा अमेरिकाले सार्वजनिक सूचना नै जारी गरेको स्मरण गराइएको छ।

विज्ञप्तिमा विभिन्न उद्देश्यले संयुक्त राज्य अमेरिकामा रहेका नेपाली नागरिकले यहाँ रहँदा गैरकानुनी तवरले वा गलत सूचना वा विवरण पेस गरी सहुलियतपूर्ण स्वास्थ्योपचार सुविधा, आवास सुविधा, परिवार सहायता, शैक्षिक सहायताजस्ता कुनै पनि सुविधा/सहायतामाथि निर्भर नहुन/नगराउनुहुन हार्दिक दूतावासले अनुरोध गरेको छ। दूतावासले व्यापारिक तथा पर्यटकीय प्रयोजनको लागि प्राप्त हुने 'बी १', 'बी २' भिसाको दुरूपयोग नगर्न पनि अनुरोध गरेको छ। पछिल्ला दिनमा अमेरिकी सरकारले विभिन्न प्रयोजनका भिसामा कठिन प्रावधान समावेश गर्दै गएको छ।

## पृष्ठ १ बाट क्रमश:

## कांग्रेस उम्मेदवारलाई...

प्रकाशमानलाई मनाउन अहिले काठमाडौंका १० वटै क्षेत्रका उम्मेदवारहरू लागिपरेका छन् । यता कर्णालीमा खड्का र सुदूरपश्चिममा लेखकसहितका नेताहरूको साथ खोजिएको छ । कांग्रेसका महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरेले ७७ जिल्लाकै सभापतिहरूलाई पत्र लेख्दै पूर्व संस्थापन देउवा पक्षको साथ खोजेका थिए । पुस अन्तिममा भएको दोस्रो विशेष महाधिवेशनको ४७ जिल्लाका जिल्ला सभापतिले खुलेर विरोध गरेका थिए भने ५ जना जिल्ला सभापति तथस्थ बसेका थिए । यसैगरी निवर्तमान कार्यसमितिका ९० प्रतिशत बढी पदाधिकारी र केन्द्रीय सदस्य विशेषको विपक्षमा थिए ।

निर्वाचनको मुखमा विशेष महाधिवेशनबाट देउवा नेतृत्वको कार्यसमिति हटाइँदा ठूलो असर पर्ने देखिएको कांग्रेस नेताहरू बताउँछन् । त्यसैले यो क्षतिबाट रोक्न देउवाको साथको खोजीमा नेताहरू लागिपरेका छन् । 'शेरबहादुर दाइ सकेसम्म भौतिकरूपमै निर्वाचनमा देखिनुपर्छ । नभए अपिल भए पनि जारी गरिदिनुपर्छ । त्यसले सुदूरपश्चिममा मात्र हैन देशभर कांग्रेसलाई जिताउन मद्दत गर्छ,' कांग्रेसका एक उम्मेदवारले भने ।

देउवाको नेतृत्वमा निर्वाचनमा गए ठूलो क्षति पुग्ने दाबी गरेको कांग्रेस अहिले यही विषयलाई लिएर चुकचुकाइरहेको छ । देउवा नेतृत्वमा जाँदा अघिल्लो निर्वाचनमा माओवादी केन्द्रसँग तालमेल गरेको थियो । उक्त निर्वाचनमा ५७ क्षेत्रमा प्रत्यक्षमा जित निकालेको थियो । यसपटक कांग्रेस एक्लै चुनावी मैदानमा उत्रेको छ । गगन नेतृत्वको कांग्रेसल ५० सिट प्रत्यक्षमा जित निकाल्ने आँकलन गरेको छ । यद्यपि, अन्तरघात भए यतिको सिटसमेत आउन मुस्किल हुने नेताहरू बताउँछन् ।

यस्तो अवस्थामा नेताहरूलाई रिझाएर भए पनि चुनावी क्षेत्रमा निस्कनुपर्ने बाध्यतामा नेताहरू देखिन्छन् । काठमाडौं-४ बाट चुनावमा होमिएका युवा उम्मेदवार सचिन तिमिल्सेना क्षेत्रभित्रका नेताहरूलाई रिझाउन लागिपरेका छन् । ललितपुर-३ बाट उम्मेदवार रहेका जितेन्द्र श्रेष्ठ पनि पूर्वसंस्थापन पक्षका नेताहरूलाई मनाउन लागिपरेका छन् । यता टिकट पाएका देउवा र डा शेखर कोइरालानिकट ४५ उम्मेदवारहरू भने निर्धक्कसाथ चुनावी प्रचारमा लागेका देखिन्छन् । उनीहरूलाई पनि गगननिकट नेताहरूको असहयोग रहने उत्तिकै त्रास देखिन्छ ।

कांग्रेसले सभापति थापालाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा प्रस्तुत गरेको छ । संसदीय दलमा आफ्नो पक्षमा मत निकाल्न थापा पक्षले पूर्वसंस्थापनका उम्मेदवारलाई हराउन लागिपर्ने र पूर्वसंस्थापन भने गगन पक्षलाई हराउन लागिपर्ने कांग्रेस नेताहरू बताउँछन् । यसले दुवै पक्षलाई नोक्सान पुग्ने र कांग्रेसकै लागि हानिकारक हुने उनीहरू बताउँछन् । यस्तो अवस्थामा दुवै पक्ष मिलेर जानुको विकल्प नरहेको बताइन्छ । यसका लागि सभापति थापाले विशेष पहल गर्नुपर्ने कांग्रेसका एक पदाधिकारीले बताए । 'अवस्था निकै नाजुक छ । यो क्षति रोक्न सभापति थापाले केही न केही गर्नैपर्छ,' ती पदाधिकारीले भने ।

■■■

## 'फास्ट ट्र्याक'...

फास्ट ट्र्याक निर्माणको प्रारम्भिक अनुमानित लागत दुई खर्ब १३ अर्ब रूपैयाँ रहेको छ । आयोजना २०८३ चैत मसान्तभित्र पूरा गर्ने लक्ष्यका साथ काम भइरहेको सेनाले जनाएको छ । द्रूतमार्गको निर्माणपछि राजधानीसँगको यात्रालाई छोटो र ढुवानीलाई सहज बनाउँदै मुलुकको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । उक्त आयोजना पूरा भएपछि करिब एक घण्टामा काठमाडौंबाट मध्य तराई पुग्न सकिने छ ।

द्रूतमार्ग निर्माणमा हालसम्म प्राप्त प्रगति अवलोकन गर्न आउने जो कोहीलाई पनि उत्साह प्रदान गर्ने गरेको छ । मुलुकको आर्थिक विकासमा दीर्घकालीन योगदान पुऱ्याउने एउटा रूपन्तरणकारी आयोजनाका रूपमा द्रूतमार्गलाई हेरिएको छ । यसैबीच, प्रधानमन्त्री सुशीला कार्कीले मंगलबार यस आयोजनाको स्थलगत निरीक्षण गरी स्थानीयको भावनाअनुरूप धार्मिक विश्वास र सांस्कृतिक सम्पदालाई असर नपुऱ्याउनेगरी आयोजनालाई तीव्ररूपमा अघि बढाउन निर्देशन दिएका थिए ।

सुरुआती चरणमा द्रूतमार्गको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृतिमा ढिलाइका कारण कार्य प्रारम्भ प्रभावित भएको थियो । नेपाल सरकार मन्त्रिपरिषद्ले २०७४ वैशाख २१ गते उक्त आयोजना नेपाली सेनालाई निर्माण व्यवस्थापनको जिम्मेवारी दिने निर्णय गरेको थियो । आयोजनाको डिपिआर भने २०७६ भदौ १ गतेमात्र स्वीकृत भएको थियो । अन्तर्राष्ट्रियस्तरको द्रूतमार्ग निर्माणपछि सडक निर्माणका क्षेत्रमा प्राप्त अनुभवले देशमा सडक सञ्जाल विस्तारमा राज्यको क्षमतासमेत वृद्धि हुने अपेक्षा गरिएको छ । *रासस*

■■■

## साउदीका चार...

हाल यी क्षेत्रमा काम गरिरहेका हजारौं विदेशी कामदारका लागि यसको असर देखिने जनाइएको छ । अहिले ती भूमिकामा रहेका व्यक्तिहरूका लागि छोटो सुधारात्मक अवधि तोकिएको छ । तर यी पेसाहरूमा नयाँ भिसा भने दिइने छैन । व्यवसायलाई ६० प्रतिशत मार्केटिङ र बिक्री कोटाअनुसार कर्मचारी मिलाउन तीन महिनाको अवधि तोकिएको छ ।

हाल साउदीमा तनि लाखभन्दा बढी नेपाली कार्यरत रहेको बताइन्छ । सरकारी विवरण अनुसार त्यहाँ ६० प्रतिशतभन्दा बढी नेपालीहरू अदक्ष श्रमिकका रूपमा कार्यरत छन् । यद्यपि, पछिल्लो समय उच्च दक्ष श्रमिकका रूपमा नेपालीहरू जाने क्रम पनि बढेको पाइन्छ ।


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक २७१ माघ १६ गते २०८२ मा प्रकाशित Paradeshi Overseas Services Pvt. Ltd. को Lot No. 337816 कम्पनीको नाम Dallah Al Sharq Contracting Company साउदीमा कामदारको माग 10 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np


## 'हाम्रा मुद्दा उठाउनेलाई मत दिन्छौं'

**काठमाडौं (प्रस)**– ट्रान्सजेण्डर यौन श्रमिक समुदायले आफ्ना भावनाअनुरूप मुद्दा उठान गर्ने राजनीतिक दल र उम्मेदवारलाई मतदानको प्राथमिकतामा राख्ने बताएका छन् ।

काठमाडौंमा शुक्रबार मायाको संसार नामक संस्थाद्वारा आयोजित आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन लक्षित 'नीति शक्ति र प्रतिनिधित्व: ट्रान्सजेण्डर यौन श्रमिकहरूको राजनीतिक अस्तित्वदेखि नेतृत्वसम्म' विषयमा गरिएको कार्यशालाका सहभागीहरूले राजनीतिक दलले आफ्नो समुदायका मुद्दालाई सम्बोधन गर्नुपर्ने धारणा राखेका थिए । आगामी निर्वाचनमा सहभागिता किन र कसरी जनाउने ? विषयमा बिहीबार र शुक्रबार दुईदिने कार्यशाला आयोजना गरिएको थियो ।

कार्यक्रमका सहभागी आभा क्षेत्रीले आफ्नो समुदायले राजनीतिक विषयमा चासो राख्नुपर्ने र आफ्ना मुद्दाबारे राजनीतिक दलले राखेको प्राथमिकता हेरेर आफूले सहमति जनाउने बताइन् । 'राजनीति आफैंमा नराम्रो होइन रहेछ, तर मत दिँदा हाम्रा कुरा परेका छन् या छैनन् त्यो भने हेर्छौं,' उनले भनिन् ।

मायाको संसारकी अध्यक्ष सुनिता लामाले संकुचित सामाजिक परिवेशका कारण लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायलाई हेर्ने दृष्टिकोण साँघुरो भएकाले निर्वाचनमा खुलेर मत हाल्ने वातावरण अझै नरहेको बताइन् । उनले पहिचान नखुलेकै कारण कतिपयको नागरिकताको समस्या रहेको र मतदाता परिचयपत्र नरहेको बताइन् ।

गाउँमा मत हाल्न जाँदा समाजले हेयको भावले हेर्ने डरले कतिपय मतदाता निर्वाचनमा घर फर्किन कठिनाइ झेल्नुपरेको उनको भनाइ छ । प्रशिक्षणमा बागमतीलगायत विभिन्न प्रदेशका प्रतिनिधिको सहभागिता रहेको थियो ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/१०/१७ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **लाइभस्टक रिसर्च एण्ड रुरल डेभलपमेन्ट प्रा.लि.** (दर्ता नं. १४२१२८) को नाममा रहेको चलअचल श्रीसम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनीले सकार्ने, व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१२ गतेको निर्णयअनुसार नाम परिवर्तन गरी **पावर ईको ब्रिक्स प्रा.लि. (प्रा.लि.नं. १४२१२८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०९/२१ मा दर्ता भएको **एम.डी. एक्सपोर्ट एण्ड इम्पोर्ट प्रा. लि.** (प्रा. लि. नं. **२३१९५२/०७६/०७७**) लाई खारेजी लिक्वीडेशनमा लैजान कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१०/१६ गतेको विशेष बैठकले निर्णय गरेकाले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ४०४, फोन नं. ९८५१२१७००४**


### साउदीमा रोजगार

कम्पनी : Thamer Rassam bin Abdulhadi Al Rassam Trading Est

पूर्व स्वीकृति मिति : २०८२/04/१२ पुन: स्वीकृति मिति : २०८२/१०/१६ LT. No. 327791 चलानी नं. ६०२४१७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaners | 1 | 0 | 1000 | ३९,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २४ गते (7th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



### युएइमा रोजगार

कम्पनी : RAMZ AL TAMAYOZ TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०२/३० पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१६ LT. No. 306332 चलानी नं. ६०२२१०४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 4 | 0 | 1200 | ४८,२२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Shuttering Carpenter | 3 | 0 | 1200 | ४८,२२५ | | | | | | | |
| 3 | Ksteel Fixer | 3 | 0 | 1200 | ४८,२२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २४ गते (7th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREEN LIGHT OVERSEAS PVT. LTD
श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np



### मलेसियामा रोजगार

कम्पनी : THIRD FORCE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१६ LT. No. 333477 चलानी नं. ६०२४७१२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 25 | 0 | 1700 | ६३,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २४ देखि २६ गते (7- 9 Feb. 2026) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RADIANT OVERSEAS PVT. LTD.
Govt. License No. 1016/068/69
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963, E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np



### साउदीमा रोजगार

कम्पनी : MOHD A.AL KHATER CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१०/१६ LT. No. 330232 चलानी नं. ६०२४४१६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver / Heavy Driver | 3 | 0 | 1800 | ७०,८२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २४ गते (7th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSE OVERSEAS PVT. LTD.
Govt. License 147/056/057
Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874
E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np



### कतारमा रोजगार

कम्पनी : PRIME Z FACILITY MANAGEMENT AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१६ LT. No. 335620 चलानी नं. ६०२५१५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Public Areas) | 15 | 0 | 1000 | ४०,५३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 1900 | ७७,०१५ | | | | | | | |
| 3 | Plumber | 8 | 0 | 1300 | ५२,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Tilottama Institute, Butwal, Rupandehi मा मिति: २०८२ माघ २२ गते (5th Feb. 2026) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २३ गते (6th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAAD OVERSEAS PVT.LTD.
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



### युएइमा रोजगार

कम्पनी : ZAHRAT AL MUSTAQBAL PLASTER & TILES CONT

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१६ LT. No. 326861 चलानी नं. ६०२४०७६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 5 | 0 | 1300 | ५२,२४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 1000 | ४०,१८५ | | | | | | | |
| 3 | Shuttering carpenters | 5 | 0 | 1300 | ५२,२४५ | | | | | | | |
| 4 | Steel Fixer(3 Yr Experience) | 5 | 0 | 1300 | ५२,२४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २४ गते (7th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082
Sultan Gulf Overseas e Pvt. Ltd.
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No.9851003623, 9857071474, Email: sultangulfoverseas1723@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**शनिबार, १७ माघ, २०८२**

| | |
|---|---|
| **मेष** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **वृष** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **मिथुन** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **कर्कट** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **सिंह** | प्रतिष्ठित व्यक्तिबाट सहयोग । |
| **कन्या** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **तुला** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **वृश्चिक** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **धनु** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **मकर** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **कुम्भ** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **मीन** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५१२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ माघ, २०८२ (३१ जनवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४६.८१ | १४७.४१ |
| युरो | १ को | १७२.३१ | १७३.०२ |
| पाउन्ड स्टिर्लङ | १ को | १९८.५८ | १९९.३९ |
| स्विस फ्रैन्क | १ को | १८५.६१ | १८६.३७ |
| अस्ट्रेलियन डलर | १ को | १००.५५ | १००.९६ |
| क्यानाडियन डलर | १ को | १०६.५० | १०६.९४ |
| सिङगापुर डलर | १ को | ११४.७५ | ११५.२२ |
| जापानी येन | १० को | ९.२७ | ९.३१ |
| चिनियाँ युआन | १ को | २१.०८ | २१.१७ |
| साउदी अरब रियाल | १ को | ३९.१५ | ३९.३१ |
| कतारी रियाल | १ को | ४०.२८ | ४०.४५ |
| थाई भाट | ख १ को | ४.७१ | ४.७२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.९७ | ४०.१३ |
| मलेसियन रिङेट | १ को | ३६.६५ | ३६.८० |
| दक्षिण कोरियन वन | १०० को | १०.०० | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १६.२७ | १६.३४ |
| डेनिस क्रोनर | १ को | २३.०७ | २३.१६ |
| हङकङ डलर | १ को | १८.८३ | १८.९० |
| कुवेती दिनार | १ को | ४८०.३२ | ४८२.२८ |
| बहराइन दिनार | १ को | ३८९.३९ | ३९०.९८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**पुलुकिसि नाच** | भक्तपुरको मध्यपुर थिमि नगरपालिका–७ नगदेशमा नेवाः ऐतिहासिक सांस्कृतिक अजन खलः को आयोजनामा शुक्रबार ऐतिहासिक पुलुकिसि नाच प्रदर्शन गर्दै । नाच नगदेशको टोलटोलमा प्रदर्शन गरिएको छ । *तस्बिरः रासस*

# सम्भावित डुबान र कटान जोखिम कम गर्न बक्स कल्भर्ट निर्माण गर्दै कामपा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले बर्खाको समयमा हुने सम्भावित डुबान र कटानको जोखिम घटाउन बागबजार र बबरमहलमा बक्स कल्भर्ट निर्माण गर्ने भएको छ ।

कामपा सार्वजनिक निर्माण विभागका सबइञ्जिनियर दीपकबहादुर शाहीले पुतलीसडकबाट बागबजारहुँदै रत्नपार्क जाने सडकखण्डको टुकुचा खोलामा बक्स कल्भर्ट निर्माण गर्ने जानकारी दिए । उनका अनुसार यसको सम्झौता रकम ५७ लाख ७२ हजार रूपैयाँ हो ।

कल्भर्ट निर्माणको काम आगामी चैत मसान्तभित्र सम्पन्न गर्नेगरी निर्माण पक्षसँग सम्झौता भएको छ । यो कल्भर्ट सडकतर्फ पाँच मिटर र पानी बहाव हुनेतर्फ १४ मिटरको हुने छ । 'अहिले त्यहाँ पानी निकासका लागि ह्युमपाइप राखिएको छ । यसरी राखिएका ह्युमपाइप पुराना भइसकेका छन्,' सबइञ्जिनियर शाही भन्छन्, 'बर्खाको समयमा पानीका बहाव रोकिने अवस्था भएको छ । बर्खाको समयमा हुने सम्भावित डुबान र कटानको जोखिम घटाउन बक्स कल्भर्ट निर्माण गर्न लागिएको हो ।'

कल्भर्ट निर्माणको प्रारम्भ भएपछि सडकको आवागमन पूर्ण बन्द हुने छ । डिल्लीबजार पुतलीसडक चोकहुँदै बागबजारतर्फ जाने र रामशाह पथहुँदै पुतलीसडक पुगेर बायाँ मोडिएर बागबजार जाने सवारीसाधनका लागि वैकल्पिक मार्गको व्यवस्थापन गर्न ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरिएको शाहीले बताए । यसका लागि दुवैतर्फबाट आउने सवारीसाधन कमलादी मोडमा पुगेर बायाँ मोडिँदै कमलादी गणेश मन्दिर, घण्टाघरतर्फको सडक उपयुक्त वैकल्पिक मार्ग बन्न सक्छ ।

यससँगै धोवीखोला नदी खण्डको दोभान नपुग्दै रोजबर्ड स्कुल नजिक पनि बक्स कल्भर्ट निर्माण हुँदै छ । यसको सम्झौता रकम दुई करोड २१ लाख २३ हजार रूपैयाँ हो । यो काम २०८३ पुस मसान्तभित्र सम्पन्न गर्नेगरी निर्माण पक्षसँग सम्झौता भएको छ । यो कल्भर्टको लम्बाइ १७ मिटर र चौडाइ सात मिटरको हुने छ ।

यस ठाउँमा भएको फलामे पुल २०८० सालको धोवीखोलाको बाढीले जगसहित क्षति गर्‍यो । वडा नं ११ का अध्यक्ष हीराला तण्डुकार भन्छन्, 'पुल बनाउने भनेर विभिन्न निकाय आए, कसैले बनाउँछु भन्यो भने नबनाउनु किन भन्नु भनेर हुन्छ भन्यौं, तर कसैले बनाएनन् । त्यसपछि वडाले निर्माण योजना बनाउँदै थियो, महानगरपालिकाको केन्द्रीय बजेटबाट निर्माण हुनलागेको हो,' वडाध्यक्ष तण्डुकारले जानकारी जानकारी दिए ।

# माधवनारायणका वर्तालुले गरे चाँगुनारायणमा पूजाआराधना

**काठमाडौं–** पौष शुक्ल पूर्णिमादेखि साँखुस्थित शालीनदीमा माधवनारायणको व्रत बसेका वर्तालुले चाँगुनारायणस्थित सादहमा स्नान गरी चाँगुनारायणको मूल मन्दिरमा माधवनारायणलाई राखी पूजाआराधना गरेका छन् ।

प्रत्येक वर्ष माघ शुक्ल द्वादशीका दिन बिहान माधवनारायणका वर्तालुले सादहमा स्नान गरी चाँगुनारायणमा माधवनारायणको रथलाई राखेर पूजाआराधना गर्ने प्राचीनकालदेखिको परम्परा रहिआएको छ । वर्तालुले शुक्रबार चाँगुनारायणमा पूजाआराधना सकेपछि साँखु गई आ-आफ्नै घरमा पुगेर भोजन गर्ने व्रत विधि रहेको छ । वर्तालु चाँगुनारायणबाट शुक्रबार साँखु फर्किएर घरघरमा भोजन गरिसकेपछि साँखुमा भीमसेन जात्रा गरिएको छ । भीमसेन जात्रा साँखु बजार घुमाउने प्रचलन रहेको छ ।

माधवनारायणका वर्तालु तेस्रो तीर्थयात्राका लागि बिहीबार राति १० बजे चाँगुनारायण मन्दिर पुगेका थिए । पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म चल्ने एक महिना लामो माधवनारायणको व्रतका क्रममा यो तेस्रो तीर्थयात्रा हो । यसअघि पशुपति र दक्षिणकालीको शेषनारायण एवं काभ्रेपलाञ्चोकको पनौतीमा वर्तालुले तीर्थयात्रा सम्पन्न गरेका छन् ।

माधवनारायणको चाँगुनारायणमा हुने तीर्थयात्रा माघ शुक्ल एकादशीका दिन राति हुने गरेको छ । जसका लागि वर्तालु माघ शुक्ल एकादशीका दिन राति १० बजे चाँगुनारायण पुगेको श्री माधवनारायण स्वस्थानी व्रत तथा शालीनदी सुधार समितिका अध्यक्ष विकासमान सिंहले राससलाई जानकारी दिए । यस वर्षको यो अन्तिम तीर्थयात्रा पनि हो ।

पौष शुक्ल पूर्णिमा अर्थात् गत पुस १९ गतेदेखि साँखुस्थित शालीनदीमा स्नान एवं माधवनारायण र श्रीस्वस्थानी परमेश्वरी देवीको पूजाआराधना गर्ने भक्तजनको घुइँचो छ । जसका कारण साँखु एवं शालीनदी जाने सार्वजनिक यातायातमा भीड छ । यात्रु कोचाकोच गरेर यात्रा गरिरहेका छन् । मेलाको मौका पारेर सार्वजनिक यातायातका सहचालकले बढी भाडा उठाएको गुनासो भक्तजनले गरेका छन् ।

सार्वजनिक बिदा र शनिबारका दिन धेरै भक्तजन साँखुस्थित शालीनदी जाने गर्छन् । प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म साँखुस्थित शालीनदीमा माधवनारायण व्रत हुने गरेको छ । शालीनदी मेला लाग्ने यो समयमा देशका विभिन्न स्थानका साथै विदेशबाटसमेत श्रद्धालु भक्तजन साँखु आउने गरेका छन् । *रासस*

# वर्षा र हिमपातबाट प्रभावित जनजीवन सामान्यतर्फ

**काठमाडौं (प्रस)–** मंगलबार र बुधबार पश्चिमी न्यून चापीय प्रणाली सक्रिय हुँदा देशका धेरै स्थानमा वर्षा र हिमपात भएपछि प्रभावित भएको जनजीवन शुक्रबारदेखि सामान्य बनेको छ ।

वर्षा र हिमपातले ठाउँ-ठाउँमा यातायात आवागन तथा जनजीवन प्रभावित भएको थियो । हिमाली तथा उच्च पहाडी जिल्लाका सडकमा बाक्लो हिउँ पर्दा अवरुद्ध भएको सडक शुक्रबार साँझसम्ममा हिउँ पन्छाएर आवागमन सञ्चालन गरिएको छ । सशस्त्र प्रहरीले शुक्रबार अपराह्न मुस्ताङ जाने बाटोमा परेको हिउँसमेत पन्छाएको थियो । अन्य विभिन्न क्षेत्रमा हिउँले अवरुद्ध भएको राजमार्ग खुलेको छ । सुरक्षा निकायको सक्रियतामा हिउँ पन्छाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । बिहीबार अपराह्नदेखि मौसममा सुधार आई शुक्रबार बिहानैदेखि घाम लाग्दा दैनिक जनजीवन सामान्य भएको प्रहरीको भनाइ छ ।

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले प्रणाली बाहिरिएर धेरै ठाउँमा घाम लागे पनि बिहान बेलुका भने चिसो कायम रहने हुँदा चिसोबाट जोगिन अनुरोध गरेका छन् । उच्च पहाडी तथा हिमाली क्षेत्रका केही ठाउँमा भने हल्का हिमपात र वर्षा हुने उनले बताए । तर मंगलबार र बुधबारको जस्तो अवस्था आइतबारसम्मलाई नरहेको उनले बताए ।

पछिल्लो प्रणाली विकास हुँदा काठमाडौं उपत्यकासहित पश्चिम कोशी र मधेस प्रदेशबाहेकमा वर्षा र हिमपात भएको थियो । यसपालि सबैभन्दा बढी वर्षा सुर्खेतमा ४३ मिलिमिटरसम्म भएको थियो ।

# सशस्त्र प्रहरीले पन्छायो मुक्तिनाथ मन्दिरको हिउँ

**मुस्ताङ–** मुस्ताङस्थित सशस्त्र प्रहरी बल नेपाल, ३३ नं गुल्मका सशस्त्र प्रहरी सुरक्षाकर्मीले शुक्रबार प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथमा थुप्रिएको हिउँ पन्छाएका छन् ।

सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरीको नेतृत्वमा गएको सशस्त्र प्रहरीको टोलीले मुक्तिनाथ मन्दिरमा थुप्रिएको हिउँ पन्छाएको हो । मंगलबार रातिको भारी हिमपातले वारागुङ मुक्ति क्षेत्र-१ स्थित मन्दिर परिसर बाक्लो हिउँले सेताम्मे भएको थियो ।

भारी हिमपातका कारण मुक्तिनाथ मन्दिर परिसर र मुक्तिनाथ जाने रेलिङसहितको सिँढी बाटोमा पूरै हिउँ जमेका कारण मुक्तिनाथका दर्शनार्थीहरूलाई निकै असहज पुर्‍याएको थियो । मुक्तिनाथ मन्दिरमा बाक्लो हिउँ जमेर बसेको र यसले दर्शनार्थीको दर्शन र स्नान गर्ने कार्यमा बाधा पुगेकाले सशस्त्र प्रहरीले मुक्तिनाथमा पुगेर हिउँ पन्छाइएको सशस्त्र प्रहरी नायब निरीक्षक भेषराज गिरीले जानकारी दिए ।

भारी हिमपातका कारण मुक्तिनाथ मन्दिर र मन्दिरसम्म जाने सिँढी बाटोमा दुई फिटसम्म हिउँ जमेर बसेकाले सशस्त्र प्रहरीको टोली खटिएर मुक्तिनाथको हिउँ सफा गरेको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिए । मुक्तिनाथ जाने सडक र मन्दिर परिसरमा बाक्लो हिउँ थुप्रिएर बस्दा दर्शनार्थीहरू चिप्लिएर लड्ने र दुर्घटना हुने जोखिम रहेकोमा सशस्त्र प्रहरी टोली हिउँ पन्छाएपछि मुक्तिनाथ दर्शनार्थीहरूलाई निकै सहज तुल्याएको व्यवस्थापक भुसालले बताए ।

सशस्त्र प्रहरीले मुक्तिनाथ मन्दिर जाने रेलिङ मार्ग, मन्दिर परिसर, स्नानकुण्ड र १०८ धारालगायत स्थानमा जमेको हिउँ पन्छाएको हो । यसअघि भारी हिमपातका कारण अवरुद्ध बनेको कागबेनी-मुक्तिनाथ सडकको हिउँ पन्छाइएपछि शुक्रबार



बिहानदेखि यातायात आवागमन सञ्चालनमा आएको छ । अवरुद्ध मुक्तिनाथ सडकको हिउँ पन्छाउन कोरला सडक आयोजनाको डोजर परिचालित गरी जिल्ला सुरक्षा समिति र स्थानीय जनप्रतिनिधिहरू मिलेर अवरुद्ध सडक सञ्चालनमा ल्याइएको हो । *रासस*

# सैनिक मञ्चको दक्षिण चउर दुई करोड ७० लाखमा हरियाली बनाइँदै

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले सैनिक मञ्चको दक्षिण चउर सुधार गर्दै दुई करोड ७० लाख रूपैयाँ मूल्यबराबरको 'वरमुढा ग्रास' रोप्ने तयारी गरेको छ ।

कामपा सार्वजनिक निर्माण विभागका वरिष्ठ इञ्जिनियर अर्जुन अर्यालका अनुसार सर्वसाधारणका लागि खुला ठाउँ व्यवस्थित गर्न उक्त योजना अघि सारिएको हो । अहिले यो ठाउँ युवा र बालबालिकाका लागि खेल खेल्ने र ज्येष्ठ नागरिकका लागि आराम गर्ने, घाम ताप्ने स्थलका रूपमा उपयोग भएको छ । समय-समयमा सार्वजनिक कार्यक्रम हुने गरेका छन् । सर्वसाधारणले उपयोग गर्ने यो ठाउँमा धूलो उड्ने, पानीमा हिलो हुने अवस्थामा सुधार ल्याएर प्रयोग सहजताका लागि ग्रास रोप्ने योजना बनाइएको हो ।

वरिष्ठ इञ्जिनियर अर्यालका अनुसार यहाँ जमिनको सतह सम्याएर तीन इञ्च मलिलो माटो राखिने छ । यसमाथि घाँस रोपिने छ । चउरमा छ मिटर गहिराई र १.२ मिटर व्यासका आठ वटा आकाशे पानी संकलन पिट हुने छ । यसबाट खुला ठाउँमा सर्वसाधारणको सहज पहुँच वृद्धि, सामाजिक अन्तरघुलन, वातावरणीय सुधार र सहरी सुन्दरतामा वृद्धि हुने अपेक्षा कामपाको छ ।


**युएइमा रोजगार** — कम्पनी : FASTENER POINT INDUSTRIES LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१६ | LT. No. 335877 | चलानी नं. ६०२४९४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 15 | 0 | 1000 | ४०,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २४ गते (7th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com
श्रम इजाजत नं. १३६३/०७४/०७५

**कुवेतमा रोजगार** — कम्पनी : STYROBORE PANEL CENTER FOR POLYSTYRENE PRODUCTION

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१६ | LT. No. 332356 | चलानी नं. ६०२४६०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Labour -Indoor | 9 | 0 | 90 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २४ गते (7th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np
श्रम इजाजत नं. 1543/078/079

**ओमनमा रोजगार** — कम्पनी : ALMAS HOSPITALITY NEW LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/१३ | LT. No. 337791 | चलानी नं. ६०२५१५१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Western Food Cook | 2 | 1 | 150 | ५७,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २४ गते (7th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

**युएइमा रोजगार** — कम्पनी : STRUCTURE ADVANCED BUILDING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१६ | LT. No. 326073 | चलानी नं. ६०२४००५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 24 | 0 | 1200 | ४४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter | 18 | 0 | 1200 | ४४,८१० | | | | | | | |
| 3 | Steel Fixer | 14 | 0 | 1200 | ४४,८१० | | | | | | | |

कम्पनी : GALVANIZING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१६ | LT. No. 324690 | चलानी नं. ६०२३८६४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner / Public Building | 8 | 0 | 800 | २९,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 2 | 0 | 800 | २९,७७० | | | | | | | |
| 3 | Filing Clerk/archive Clerk | 4 | 0 | 1200 | ४४,८१० | | | | | | | |
| 4 | Window Cleaner | 9 | 0 | 800 | २९,७७० | | | | | | | |


अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २४ गते (7th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-40086104508610, E-mail : alhaya.recruitment@gmail.com
श्रम ईजाजत नं. १०९३/०७३/०७४

# उद्यमसहितको वन व्यवस्थापनले आगलागी शून्य




"झाडी सफाइ केवल स्वच्छताका लागिमात्र होइन, आम्दानीको स्रोत पनि बनेको छ । वन उपभोक्ता समूहले सफाइबाट संकलित सामग्रीलाई व्यवस्थितरूपमा मल उत्पादनमा प्रयोग गर्छ । सो मल बिक्री हुँदा समूहलाई आम्दानी हुन्छ, जसको प्रत्यक्ष फाइदा उपभोक्ताले पाउँछन् ।

अञ्जली थापा/मकवानपुर

मनहरी गाउँपालिका-७ की किसान विमला राईको सम्बन्ध केवल वन संरक्षणमामात्र सीमित छैन, यो उनको दैनिकी, आम्दानी र सुरक्षासँग पनि गाँसिएको छ । सूर्योदयसँगै उनी सामुदायिक वनतर्फ लाग्छिन् । झाडी सफाइ, सुक्खा पात-पत्कर संकलन र त्यसबाट कम्पोष्ट मल बनाउने काम उनको नियमित कर्म बनेको छ ।

पात-पत्करका लागि डिपाट सामुदायिक वनमा १५ सय फिटका तीनवटा खाल्डा बनेका छन् भने प्रत्येक खाल्डामा १५ सय ट्र्याक्टर मल उत्पादन हुने गरेको छ । यही उत्पादनमा विमला व्यस्त भएकी छन् । उनी भन्छिन्, 'खाल्डामा मलमात्र होइन, हाम्रो जीवन नै संगालेको महसुस हुन्छ, साना नानी लिएर घरमा आगो बल्ला भनेर रातभर नसुत्ने हामीलाई यही खाल्डाले आनन्दको निद्रा दिएको छ ।' उनलाई करिब १० वर्ष अगाडिसम्म हिउँदमा वन नजिकैको घर डढेलोले जलाउँला भन्ने डर थियो । विस्तारै वनमा काम, खेती र मल उत्पादनको विकल्प ल्याइयो र डढेलो पूर्णरूपमा नियन्त्रण भएपछि निद्रा लागेको उनको भनाइ छ ।

अर्धसहरी जीवनशैली भएका र राजमार्ग छेउमा घर भएकी विमलाको समुदाय नै यतिबेला सामुदायिक वनभित्र भेटिन्छ । दुई-तीनवटा गाईवस्तु पाल्दा अरु काम गर्न नपाइने र त्यसैमा गुजारा नहुने कारण खेती गर्न नै मलले समस्या पारेकामा अहिले भने वनबाट मल र दैनिक ज्यालादारीका रूपमा आम्दानी दुवै पाइरहेको विमला बताउँछिन् । उनी भन्छन्, 'पहिला मलका लागि अनिवार्यरूपमा पशु पाल्नुपर्ने बाध्यता थियो, गोठ बनाउने, घाँसदाउरा जोहो गर्ने र पशु स्याहारमै धेरै समय खर्च हुन्थ्यो,' विमला भन्छिन्, 'अहिले सामुदायिक वनबाटै कम्पोष्ट मल पाइने भएपछि धेरै सहज भएको छ ।' वनमा झरेका पात-पत्कर, झाडी सफाइबाट निस्किएको जैविक पदार्थ कम्पोष्टमा परिणत भएपछि खेतका लागि पर्याप्त मल उपलब्ध हुन्छ । यसले माटोको उर्वराशक्ति बढाएको छ, बाली उत्पादन राम्रो भएको छ र रासायनिक मल किन्ने खर्च पनि घटेको छ ।

झाडी सफाइ केवल स्वच्छताका लागिमात्र होइन, आम्दानीको स्रोत पनि बनेको छ । वन उपभोक्ता समूहले सफाइबाट संकलित सामग्रीलाई व्यवस्थितरूपमा मल उत्पादनमा प्रयोग गर्छ । सो मल बिक्री हुँदा समूहलाई आम्दानी हुन्छ, जसको प्रत्यक्ष फाइदा उपभोक्ताले पाउँछन् । विमलाका अनुसार यस आम्दानीले छोराछोरीको पढाइ, घरखर्च र दैनिक आवश्यकतामा सहयोग पुगेको छ । छोराछोरी पाल्न अब पहिलेजस्तो गाह्रो छैन, उनी मुस्कुराउँदै भन्छिन् । झाडी सफाइ र पत्कर संकलनले वनभित्र सुक्खा पदार्थ थुप्रिन दिँदैन । यसको व्यवस्थापनले आगलागीको जोखिम घटाएको छ । पहिले हिउँद सुरु हुनासाथ डढेलोको डरले राति निद्रा लाग्दैनथ्यो । अहिले भने वन सफा, चिस्यानयुक्त र निगरानीमा भएकाले समुदाय ढुक्क छ ।

विमलामात्र होइन, यस क्षेत्रका सबै सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ताको दैनिकी र उपलब्धि उस्तै छ । डिपाट सामुदायिक वनसँगै सीमा जोडिएको सुनाचुरी सामुदायिक वन उपभोक्ता सरिता ब्लोन बिहानै कागतीका बिरुवा स्याहार गर्न वन पुग्छिन् । उनी भन्छिन्, 'पहिले वन संरक्षण भनेको पहरा दिनुमात्र होजस्तो लाग्थ्यो, अहिले वनमै खेती गर्न पाउँदा आम्दानी पनि भयो । वन हाम्रो आफ्नै खेतबारीजस्तो लाग्न थालेको छ ।'

सरिता आज आत्मविश्वासका साथ वनमा काम गरिरहेकी देखिन्छन् । तर उनका लागि १० वर्षअघिको हिउँद अझै पनि डरलाग्दो स्मृतिका रूपमा रहेको छ । वनको छेउमै घर भएकी उनी भन्छिन्, 'राति निद्रा लाग्दैनथ्यो, डढेलोले घर भेट्ला कि भन्ने डर हुन्थ्यो ।' छिमेकीको गोठमा आगलागी भएको घटनापछि धेरै रात अनिँदो बसेको सम्झना अझै ताजा छ ।

"मनहरी क्षेत्रमा निर्माण गरिएका रिचार्ज पोखरीले भूजल पुनःभरण, मुहान संरक्षण, वन्यजन्तुका लागि पानीको उपलब्धता र जल सन्तुलन कायम गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । विजयसाल, सतिसाल, दार, चिउरी र नीमजस्ता स्थानीय प्रजातिको रोपाइँ तथा लोपोन्मुख सालक (प्यांगोलिन) संरक्षणका प्रयासले जैविक विविधता संरक्षणलाई थप मजबुत बनाएको छ ।

तर अहिले अवस्था फेरिएको छ । वनमा झरेका पात-पत्कर संकलन गरी कम्पोष्ट मल उत्पादन सुरु भएपछि आगलागीको जोखिम न्यून भएको छ । 'अब ढुक्क छु,' उनी मुस्कुराउँदै भन्छिन्, 'अहिले वनको निजी सम्पत्तिजत्तिकै माया लाग्छ, माया लागेपछि आगो लाग्न नदिने प्रयास आफैं हुन्छ ।'

सरिताका अनुसार सामुदायिक वनमा कागतीखेती गर्न थालिएपछि वनको हेरचाहमा पनि आफूहरूको ध्यान पुग्न थालेको छ । उक्त कामको फलस्वरूप वनमा आगलागी नभएको उनको भनाइ छ । 'पहिले डढेलो नियन्त्रण गर्ने भन्ने हुन्थ्यो तर हामीलाई त्यति चासो थिएन, अहिले भने सबै उपभोक्ताको ध्यान पुग्छ,' उनी भन्छिन् । सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहले परम्परागत संरक्षणको अभ्यासबाट बाहिर निस्कँदै वनलाई आम्दानीसँग जोड्ने रणनीति अपनाएपछि उपभोक्ताको सोच र व्यवहार दुवैमा परिवर्तन आएको छ । पहिले दाउरा र घाँस संकलनमा सीमित उपभोक्ता अहिले बिहानदेखि बेलुकासम्म वनमै व्यस्त देखिन्छन् । वन क्षेत्रमा कागती, तेजपत्ता र अम्रिसोखेती सुरु गरिएपछि उपभोक्ताले नियमित आम्दानीसँगै सामुदायिक वन आगलागीबाट सुरक्षित भएका छन् भने बस्ती पनि आगो लाग्नबाट जोगिएका छन् ।

डिपाट सामुदायिक वनका अध्यक्ष डम्बरबहादुर मोक्तान उज्यालो हुनेबित्तिकै वनमा जान्छन् । उनको नेतृत्वमा उक्त सामुदायिक वनमा कम्पोष्ट मल र तेजपत्ताखेती भइरहेको छ । दिनमा खेती र रातमा पहरेदारीको काम गर्नु आफूहरूको दैनिकी भएको उनी बताउँछन् । ग्रिन फाउण्डेसन नेपालको प्राविधिक सहयोग र वन समूहको आन्तरिक कोषको करिब ३५ लाख रूपैयाँ लगानीबाट उक्त मल उत्पादनको काम सुरु गरिएको अध्यक्ष मोक्तानको भनाइ छ । उनी भन्छन्, 'पत्कर जलाउने परम्परा हटेपछि वन सफा भएको छ, आगो सल्किने सम्भावना घटेको छ र किसानका लागि जैविक मलको स्थायी स्रोत बनेको छ ।' उनका अनुसार करिब १० वर्षदेखि आगलागी नभए पनि पछिल्ला सात वर्षयता पूर्णरूपमा आगलागी शून्य रहेको छ ।

डिपाट सामुदायिक वन आज दिगो वन व्यवस्थापन र स्थानीय समृद्धिको उदाहरण बनेको अध्यक्ष मोक्तानको दाबी छ । उनका अनुसार कुनै समय वनभित्र थुप्रिने पात-पत्कर डढेलोको मुख्य कारण थिए । हरेक सुक्खा मौसमसँगै आगलागीको त्रास थियो । तर उपभोक्ता समूहले ती पत्कर संकलन गरी कम्पोष्ट मल बनाउने निर्णय गरेपछि वन व्यवस्थापनको सोच नै फेरियो । कम्पोष्ट मल उत्पादन र बिक्रीबाट आएको आम्दानी वन संरक्षण, सरसफाइ, आगलागी नियन्त्रण पूर्वतयारी र उपभोक्ता सचेतनामा पुनः लगानी भइरहेको छ । यसले समुदायमा वनप्रतिको अपनत्व र जिम्मेवारी भावना बलियो बनाएको उनको भनाइ छ ।

## वन जोगाउन सक्रिय उपभोक्ता

मनहरी गाउँपालिका-७ मा अवस्थित डिपाट सामुदायिक वनसँग सिमाना जोडिएको पशुपति सामुदायिक वन क्षेत्रमा पछिल्ला वर्षहरूमा एक उदाहरणीय अभ्यास सुरु भएको छ । विद्युत् प्रसारणलाइन विस्तारका क्रममा ठूला रुख हटाइएपछि हाइटेन्सन लाइनमुनि खाली जमिन बाँकी थियो ।

क्रमशः पृष्ठ ५ मा

# संकटमा राना थारु समुदायको डोली-चण्डोल बोक्ने परम्परा

राजेन्द्रप्रसाद पनेरु/कञ्चनपुर

सुदूरपश्चिम प्रदेशको तराई क्षेत्र कैलाली र कञ्चनपुरमा बसोबास गर्ने राना थारु समुदायको विवाह संस्कृतिमा प्रयोग हुँदै आएको 'डोली' र 'चण्डोल' परम्परा आधुनिक जीवनशैली, यातायातको सहज पहुँच र बदलिँदो सामाजिक सोचका कारण क्रमशः लोपोन्मुख बन्दै गएको छ ।

पुस्तौंदेखि निरन्तर चल्दै आएको यो मौलिक सांस्कृतिक अभ्यास संरक्षणको गम्भीर चुनौतीमा परेको स्थानीय राना समुदायका अगुवा र संस्कृतिविद्हरू बताउँछन् । विवाहका अवसरमा दुलहाका लागि 'चण्डोल' र दुलहीका लागि 'डोली' प्रयोग गर्नु राना थारु समुदायको सदियौं पुरानो चलन हो । यसले समुदायको सामाजिक प्रतिष्ठा, आपसी सम्बन्ध र विशिष्ट सांस्कृतिक पहिचानलाई उजागर गर्ने गर्दछ । परम्परागतरूपमा बाँस, कपडा र स्थानीय सामग्री प्रयोग गरी तयार गरिने डोली-चण्डोल केवल विवाहमा दुहला, दुलहरी बोक्ने साधनमात्र नभई संस्कार, आस्था र सामाजिक मूल्यको प्रतीक मानिन्छ ।

नेपाल राना थारु समाजका केन्द्रीय सदस्य रामशाह रानाका अनुसार बेहुलीका लागि तयार गरिने डोली बाँसबाट निर्माण गरिन्छ । 'डोलीको माथिल्लो भाग सेतो कपडाले बेर्ने गरिन्छ भने बाँसकै छतरी बनाइन्छ,' उनले भने, 'डोलीभित्र चारपाई (डोरीले बुनिएको खटिया) राखी चारैतिर रंगीविरंगी कपडाले सजाइन्छ । पहिले कछनीको कपडाको प्रयोग बढी हुन्थ्यो ।'

दुलहा बस्ने चण्डोल पनि बाँसबाटै तयार गरिन्छ । बाँसका डण्डालाई चारैतिर बाँधेर बीचमा छतरी राखिन्छ र कण्डी, फुलवा तथा अर्सा कपडाले आकर्षक ढंगले सजाइन्छ । चण्डोल र डोली सजाउने काममा परिवारका सदस्य तथा आफन्तको सक्रिय सहभागिता रहने गर्दछ । उनी भन्छन्, 'जसले सामूहिकता र सामाजिक एकताको भाव झल्काउँछ ।'



"पुस्तौंदेखि निरन्तर चल्दै आएको यो मौलिक सांस्कृतिक अभ्यास संरक्षणको गम्भीर चुनौतीमा परेको स्थानीय राना समुदायका अगुवा र संस्कृतिविद्हरू बताउँछन् । विवाहका अवसरमा दुलहाका लागि 'चण्डोल' र दुलहीका लागि 'डोली' प्रयोग गर्नु राना थारु समुदायको सदियौं पुरानो चलन हो । यसले समुदायको सामाजिक प्रतिष्ठा, आपसी सम्बन्ध र विशिष्ट सांस्कृतिक पहिचानलाई उजागर गर्ने गर्दछ ।

विवाहको दिन दुलहालाई चण्डोलमा चढाउनुअघि घरमै विशेष संस्कार गरिन्छ । दिदीबहिनीले हल्दी (बेसार) कुटेर बेहुलाको शरीरमा दल्ने चलन छ, जसले रोगव्याधि हट्ने र शुभता ल्याउने जनविश्वास राना थारु समुदायमा छ । त्यसपछि बेहुलालाई नुहाईधुवाई गराई टाउकोमा सेतो पगडी, शरीरमा नयाँ कपडा, कम्मरमा सेतो फेटा र कटारो बाँधिन्छ । सो अवसरमा बहिनी-ज्वाइँ र भिनाजुले ढाल-तरबार बोक्ने चलन पनि रहेको राना बताउँछन् ।

दुलहालाई चण्डोलमा बसाल्नुअघि 'निम्तो हाल्ने' अर्थात् दक्षिणा दिने र टीकाटालो गर्ने गरिन्छ । चण्डोलभित्र गद्दा र गुदरिया ओछ्याइएको खटियामा दुलहासँगै उनका भाइलाई पनि बसाइन्छ, जसलाई 'सौविल्ला' भनिन्छ । दुलहा एक्लो नहोस् भन्ने मान्यताका आधारमा यो चलन विकसित भएको हो । चण्डोलमा बसेका दुलहा र सौविल्लालाई दिदीबहिनी, फूपू तथा आफन्तले फूल, पैसा र अक्षताले पूजा गर्ने गर्दछन्, जसलाई राना थारु भाषामा 'न्यौछार' गर्ने भनिन्छ ।

डोलीमा भने दुलहीलाई मात्रै चढाइने परम्परा छ । दुलहीलाई पनि दिदीबहिनीले हल्दी लगाउने, नुहाएपछि बेहुलाको घरबाट पठाइएको लुगा लगाइदिने र अक्षता, फूल-पैसाले पूजा गर्ने चलन छ । राना थारु अगुवा रतनबहादुर रानाका अनुसार पहिले दुलहीले सेतो कपडा र बम्बै घघँरिया लगाउने प्रचलन थियो । 'अहिले त्यो चलन विस्तारै हराउँदै गएको छ,' उनले भने, 'आधुनिक फेसन र महँगा लुगाले परम्परागत पहिरन विस्थापित हुँदै गएका छन् ।'

पहिले दुलहालाई भिनाजु र बहिनीज्वाइँ गरी चार जनाले चण्डोलमा काँधमा बोकेर बेहुलीको घर पुऱ्याउने र विवाह सम्पन्न भएपछि दुलहीलाई दाजुभाइ तथा भतिजाले डोलीमा काँधमै बोकेर बेहुलाको घरसम्म पुऱ्याउने चलन थियो । रतन भन्छन्, 'गाउँदेखि गाउँसम्म डोली-चण्डोल बोकेर हिँड्दा वातावरण नै उत्सवमय हुने गर्दथ्यो, तर अहिले यो दृश्य विरलै देख्न पाइन्छ ।' हाल घरभन्दा केही परसम्ममात्र रीतिथिति जोगाउन डोली र चण्डोलमा बोक्ने गरिन्छ । राना अगुवा रानाले भने, 'त्यसपछि बस, कार वा अन्य सवारीसाधन प्रयोग गरेर गन्तव्यमा पुऱ्याइन्छ ।'

राना थारु समुदायका अगुवा बालसुग्रिव रानाले डोली-चण्डोल बोक्ने चलन हराउँदै गएकोप्रति गहिरो चिन्ता व्यक्त गरे । 'पहिला डोली-चण्डोल बोक्दा काँध पूरै सुन्निने गर्दथ्यो,' उनले भने, 'अब ती दिन सम्झनामामात्र सीमित हुँदै गएका छन् ।'

क्रमशः पृष्ठ ५ मा



**हिउँ पन्छाउँदै डोजर** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–४ कागबेनीदेखि मुक्तिनाथ सडकखण्डमा जमेको हिउँ डोजरले पन्छाएर सडक खुलाइँदै । *तस्बिरः रासस*

# खोटाङ र म्याग्दीका २९ मतदानस्थल अतिसंवेदनशील

**खोटाङ–** आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि खोटाङ र म्याग्दीका २९ मतदानस्थललाई अतिसंवेदनशील सूचीमा राखिएको छ ।

प्रतिनिधिसभातर्फ एउटामात्रै निर्वाचन क्षेत्र रहेको खोटाङमा निर्वाचनका लागि १३६ वटा मतदानस्थल निर्धारण गरिएको छ । जिल्ला प्रशासन कार्यालय खोटाङकी सहायक प्रमुख जिल्ला अधिकारी कोपिला राईका अनुसार मतदानस्थललाई तीन भागमा वर्गीकरण गरिएको छ ।

'प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजनाअन्तर्गत मतदानस्थल निरीक्षण तथा अनुगमन गरेका थियौं । अनुगमन प्रतिवेदनका आधारमा जिल्लामा निर्धारण गरिएका मतदानस्थलमध्ये २१ वटा अतिसंवेदनशील, ६४ वटा संवेदनशील र ५१ वटालाई सामान्यमा राखेका छौं,' उनले भनिन् । मतदातालाई सुरक्षित र भयरहित वातावरणमा मतदान गर्ने व्यवस्था मिलाइने उनको भनाइ छ । उनका अनुसार मतदानस्थलको पहिलो घेरामा नेपाली सेना, दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा निर्वाचन प्रहरी र जनपद प्रहरी परिचालन हुने छन् ।

जिल्लामा एक लाख ४७ हजार १२० जना मतदाता छन् । आगामी निर्वाचनलाई लक्षित गर्दै जिल्लामा निर्वाचन आचारसंहिता उल्लंघन भए/नभएको अनुगमन तथा कारबाहीका लागि दुई जना अनुगमन अधिकृतसमेत तोकिएको छ । उम्मेदवार तथा राजनीतिक दलले आचारसंहिता पालना गरे/नगरेको अनुगमन तथा कारबाही गर्न सहायक प्रमुख जिल्ला अधिकारी राई र कोष नियन्त्रक रोमा पाण्डेलाई अनुगमन अधिकृत तोकिएको हो ।

१० स्थानीय तह रहेको खोटाङमा आगामी निर्वाचनका लागि दुई स्वतन्त्रसहित १५ जनाको मनोनयन परेको छ । जसमा नेपाली कांग्रेसबाट वीरकाजी राई, नेकपा एमालेबाट देवविक्रम राई, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट डा हरि रोका, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट रुद्र गिरी, जनता समाजवादी पार्टी (जसपा)बाट राकेश राई र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट दीपक तामाङ, जनता समाजवादी पार्टी नेपालबाट सुनिल चाम्लिङ, श्रम संस्कृति पार्टीबाट आरेन राई, नेकपा माओवादीबाट चन्द्र बुढाथोकी 'शैलेस,' नेपाल मजदुर किसान पार्टीबाट ध्यानप्रसाद ढकाल, राष्ट्रिय परिवर्तन पार्टीबाट मिरेश राई, मंगोल नेसनल अर्गनाइजेसन पार्टीबाट प्रयाग राई र मितेरी पार्टी नेपालबाट केशरमान चाम्लिङले उम्मेदवारी दर्ता गराएका छन् । यस्तै, डा राजकुमार राई र तिलकचन्द्र राईले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

### म्याग्दीमा आठ केन्द्र अतिसंवेदनशील

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि म्याग्दीका आठ मतदानस्थललाई अतिसंवेदनशील सूचीमा राखिएको छ । जिल्ला सुरक्षा समितिले म्याग्दीमा कायम भएका ८२ मतदानस्थलमध्ये २९ वटालाई संवेदनशील र ४५ स्थललाई सामान्य वर्गमा विभाजन गरेको हो ।

छ स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा ८२ वटा मतदानस्थलमा १२० मतदान केन्द्र कायम भएको छ । विगतका निर्वाचनमा भएका गतिविधि, भौगोलिक अवस्थिति, यातायात, सञ्चार र अन्य पूर्वाधारलगायतका आधारमा मतदानस्थललाई वर्गीकरण गरेर सुरक्षा रणनीति बनाइएको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले जानकारी दिए ।

धौलागिरि गाउँपालिका-१ गुर्जा र ४ बगर, अन्नपूर्ण गाउँपालिका-८ नांगी, रघुगंगा गाउँपालिका-८ कुइनेखानीका मतदानस्थल भौगोलिक हिसाबले दुर्गम र विकट क्षेत्रमा रहेका छन् । मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापा, प्रजिअ आचार्यसहित सुरक्षा अधिकारीहरूको टोलीले मतदानस्थलको निरीक्षण अन्तिम चरणमा पुऱ्याएको छ ।

निर्वाचनका लागि ४२ हजार २३२ पुरुष र ४४ हजार ६४ जना महिला र एक जना अन्य गरी कूल ८६ हजार ३९७ जना मतदाता कायम भएका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । म्याग्दीमा एक स्वतन्त्र र ११ जना राजनीतिक दलका उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी, नेकपा एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिस्ट पार्टीका अर्जुन थापा र स्वतन्त्र उम्मेदवार महाविर पुनलगायतका प्रतिस्पर्धी छन् । *रासस*

# सुदूरपश्चिममा उपेक्षित उष्णप्रदेशीय रोगको संक्रमण बढ्दो

■ **राजेन्द्रप्रसाद पनेरू**

**कञ्चनपुर–** सुदूरपश्चिम प्रदेशमा उपेक्षित उष्णप्रदेशीय रोग (नेग्लेक्टेड ट्रपिकल डिजिज-एनटिडी) चुनौतीका रूपमा देखा पर्दै गएको छ । पर्याप्त सरसफाइको अभाव, रोगबाहक कीटाणु, जनावरसँगको प्रत्यक्ष सम्पर्क र गरिबीका कारण यी रोगको संक्रमण प्रदेशका विभिन्न जिल्लामा बढ्दो क्रममा रहेको छ ।

उपेक्षित उष्णप्रदेशीय रोग विभिन्न प्रकारका भाइरस, ब्याक्टेरिया, परजीवी, ढुसी तथा विषाक्त पदार्थका कारण लाग्ने गर्दछ । विश्वमा व्याप्त २१ प्रकारका रोगको समूहलाई उपेक्षित उष्णप्रदेशीय रोगको श्रेणीमा राखिएको छ । तीमध्ये नेपालमा हाल ११ प्रकारका रोग देखापर्ने गरेका छन् ।

त्यसमा डेंगु, रेबिज, कुष्ठरोग, ट्रकोमा, माटोबाट सर्ने जुकाको संक्रमण, सर्पदंश, लुतो, हात्तीपाइले, फित्तेजुका, कालाजार, माइसेटोमा, क्रोमाब्लास्टोमाइकोसिस तथा अन्य डिप माइकोसेस समावेश छन् । प्रदेश स्वास्थ्य निर्देशनालय राजपुर डोटीका उपेक्षित उष्णप्रदेशीय रोग स्रोत व्यक्ति हेमराज जोशीका अनुसार यी रोगले विश्वव्यापीरूपमा एक अर्बभन्दा बढी व्यक्तिलाई असर गरिरहेको तथ्यांक छ ।

'सुदूरपश्चिम प्रदेशमा पनि यी रोगको संक्रमण क्रमशः बढ्दै गएको छ,' उनले भने, 'मुख्यतः सरसफाइको कमी, रोगबाहक कीटाणु, घरपालुवा जनावर तथा पशुसँग प्रत्यक्ष सम्पर्कमा रहने व्यक्ति बढी जोखिममा पर्ने गरेका छन् ।'

उनका अनुसार गरिबीको रेखामुनि रहेका समुदाय यी रोगबाट सबैभन्दा बढी प्रभावित देखिएका छन् । रोगका कारण उनीहरू थप आर्थिक संकटमा पर्ने र गरिबीको चक्रमा फस्ने अवस्था सिर्जना भइरहेको छ । साथै, यी रोग अझै पनि समुदायमा सामाजिक बहिष्करणसँग जोडिने गरेको पाइएको उनको भनाइ छ ।

प्रदेशमा सर्पदंशका घटना पनि उल्लेख्यरूपमा देखिएका छन् । आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिममा ५१२ जनामा सर्पदंश देखिएकामा ९१ जनालाई विषालु सर्पले टोकेको थियो । आर्थिक वर्ष २०८१/८२ मा सर्पदंशका घटना बढेर ८२७ पुगेका थिए । त्यसमध्ये ४६ जनालाई विषालु सर्पले डसेको थियो । चालु आव २०८२/८३ मा हालसम्म ५८७ जनामा सर्पदंश देखिएकामा १७ जनालाई विषालु सर्पले टोकेको तथ्यांक छ ।

यसैगरी जनावरको टोकाइबाट हुने संक्रमण पनि चुनौती बनेको छ । प्रदेशमा आर्थिक वर्ष २०८०/८१ मा चार हजार ६४८ जनालाई जनावरले टोकेको थियो भने २०८१/८२ मा यो संख्या बढेर ११ हजार ५७२ पुगेको थियो । चालु आवमा हालसम्म पाँच हजार ५५३ जना जनावरको टोकाइबाट प्रभावित भएका छन् ।

कुकुरको टोकाइका घटना झन् बढी देखिएका छन् । आर्थिक वर्ष २०८०/८१ मा कुकुरको टोकाइबाट नौ हजार ९८१ जना पीडित भएका थिए । आव २०८१/८२ मा यो संख्या बढेर १५ हजार २१२ पुगेको छ । चालु आर्थिक वर्षमा हालसम्म आठ हजार २९६ जना कुकुरको टोकाइबाट प्रभावित भएका छन् ।

> उपेक्षित उष्णप्रदेशीय रोग विभिन्न प्रकारका भाइरस, ब्याक्टेरिया, परजीवी, ढुसी तथा विषाक्त पदार्थका कारण लाग्ने गर्दछ । विश्वमा व्याप्त २१ प्रकारका रोगको समूहलाई उपेक्षित उष्णप्रदेशीय रोगको श्रेणीमा राखिएको छ । तीमध्ये नेपालमा हाल ११ प्रकारका रोग देखापर्ने गरेका छन् ।

जोशीका अनुसार डेंगु संक्रमण पनि सुदूरपश्चिममा जनस्वास्थ्य समस्याका रूपमा देखिएको छ । आर्थिक वर्ष २०८०/८१ मा तीन हजार ३४९, २०८१/८२ मा तीन हजार ३१६ जना तथा चालु आवमा हालसम्म एक हजार १८ जना डेंगुबाट प्रभावित भएका छन् ।

स्थानीय स्रोत व्यक्ति जोशीका अनुसार यी रोगहरू विश्वव्यापी स्वास्थ्य एजेण्डामा सीमित रूपमामात्रै समेटिने, अध्ययन-अनुसन्धान न्यून हुने तथा स्रोतसाधनको अभाव रहने भएकाले 'उपेक्षित' श्रेणीमा परेका हुन् । 'केही रोग जनस्वास्थ्य समस्याका रूपमा निवारण गरिएका छन् भने केही निवारण, रोकथाम तथा नियन्त्रणको रणनीतिमा छन्,' उनले भने ।

नेपालले सन् २०१० मा कुष्ठरोगलाई राष्ट्रियस्तरबाट जनस्वास्थ्य समस्याका रूपमा निवारण गरेको घोषणा गरेको थियो भने ट्रकोमालाई सन् २०१८ मा निवारण गरेको छ । कालाजारलाई सन् २०२६ भित्र तथा हात्तीपाइले र रेबिजलाई सन् २०३० भित्र नियन्त्रण गर्ने लक्ष्य लिइएको छ ।

हालको तथ्यांकअनुसार कालाजारका बिरामी पछिल्ला दुई दशकमा करिब ९० प्रतिशतले घटेका छन् । यद्यपि, नयाँ क्षेत्रबाट कालाजारका 'केस' देखिन थालेकाले प्राप्त उपलब्धिको दीगोपनामा चुनौती थपिएको छ । कालिकोटमा कालाजारको दर उच्च रहेको छ भने पाल्पा, कैलाली, मकवानपुर, बाँके, दैलेख, बर्दिया र प्युठानमा पनि बिरामीको संख्या उल्लेख्य छ । कुष्ठरोगको अवस्था हेर्दा आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रियस्तरमा 'प्रिभ्यालेन्स' दर प्रति १० हजार जनसंख्यामा ०.८८ रहेको छ । सो अवधिमा दुई हजार ४०९ नयाँ कुष्ठरोगका बिरामी पहिचान भएका छन् । १६ जिल्लामा अझै पनि कुष्ठरोगका केस निवारणको सीमाभन्दा माथि रहेको तथ्यांकले देखाएको छ ।

हात्तीपाइलेका ६४ एण्डेमिक जिल्लामध्ये ५७ जिल्लामा आम औषधि सेवन कार्यक्रम सम्पन्न भई संक्रमण प्रसारसम्बन्धी अध्ययनपछि कार्यक्रम बन्द गरिएको छ । हालसम्म चार लाख ४७ हजार ८८६ जनामा हात्तीपाइलेका कारण शारीरिक समस्या (हाइड्रोसिल तथा खुट्टामा समस्या) देखिएको तथ्यांक छ ।

डेंगु नियन्त्रणका लागि सहरी तथा अर्धसहरी क्षेत्रमा एडिस प्रजातिका लामखुट्टेको प्रजनन रोक्न बहुक्षेत्रीय सहकार्य सुरु गरिएको भए पनि सबै क्षेत्रबाट प्रभावकारी सहभागिता सुनिश्चित गर्न अझै चुनौती रहेको स्वास्थ्य निर्देशनालयका निर्देशक डा. खगेन्द्रबहादुर बमं बताउँछन् ।

यसैबीच, विश्व उपेक्षित उष्णप्रदेशीय रोग दिवस प्रत्येक वर्ष जनवरी ३० मा मनाइँदै आएको छ । सन् २०२१ मे ३१ मा विश्व स्वास्थ्य सम्मेलनले उक्त दिवसलाई औपचारिक मान्यता दिएको हो । यस अवसरमा शुक्रबार सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयले 'उपेक्षित उष्णप्रदेशीय रोगको निवारण, सहकार्य र एकता हाम्रो उदाहरण' भन्ने नारासहित जनचेतना जगाउनका लागि सरोकारवालाहरूका लागि प्रदेशस्तरीय पैरवी कार्यक्रम आयोजना गरेको थियो । *रासस*

# गण्डकीमा १४ हजार निर्वाचन प्रहरी परिचालन हुँदै

**गण्डकी (प्रस)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशका ११ जिल्लामा १४ हजार १२ जना निर्वाचन प्रहरी परिचालन हुने भएका छन् ।

गण्डकी प्रदेश प्रहरी कार्यालयका अनुसार गोरखामा दुई हजार २०४, मनाङमा २३३, लमजुङमा एक हजार २१०, कास्कीमा दुई हजार आठ, तनहुँमा एक हजार ५७३ , स्याङ्जामा एक हजार ९४७, नवलपुरमा एक हजार ५४३, मुस्ताङमा २६६, म्याग्दीमा ७६५, बागलुङमा एक हजार २९८ र पर्वतमा ९६५ जना निर्वाचन प्रहरी परिचालन हुने छन् ।

नेपाल प्रहरीतर्फ गोरखामा एक हजार तीन, मनाङमा १६३, लमजुङमा ६०६, कास्कीमा ९५७, तनहुँमा ८३८, स्याङ्जामा ९४०, नवलपुरमा ८१८, मुस्ताङमा २०२, म्याग्दीमा ४११, बागलुङमा ६५८ र पर्वतमा ४३९ जना खटिने छन् । ११ वटै जिल्लामा निर्वाचन प्रहरीको छनोट भई नियुक्ति र तालिमको प्रक्रिया सुरू भएको छ ।

निर्वाचन प्रहरीमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलबाट सेवानिवृत्त पूर्वसुरक्षाकर्मी, पूर्ववनरक्षक, यसअघि सम्पन्न भएका विभिन्न निर्वाचनमा म्यादी प्रहरीका रूपमा सन्तोषजनक काम गरेका व्यक्ति र विदेशी मित्रराष्ट्रका सुरक्षा निकायमा काम गरी सेवानिवृत्त नेपाली नागरिकलाई प्राथमिकताका साथ समावेश गरिएको जनाइएको छ । निर्वाचन प्रहरीको कार्य अवधि ४० दिन तोकिएको छ ।

पृष्ठ ४ बाट क्रमशः

## उद्यमसहितको ...

पुनः रुख रोप्न नमिल्ने ती स्थान लामो समयसम्म प्रयोगविहीन रहे, जसका कारण झाडी बढ्ने र हिउँदयाममा आगलागीको जोखिम उच्च बन्दै गएको थियो ।

तर अहिले ती बेवास्तामा परेका क्षेत्र महिलाका लागि आम्दानी र वन संरक्षण दुवैको आधार बनेका छन् । पशुपति सामुदायिक वन उपभोक्ता समूहले हाइटेन्सन लाइनमुनि जडीबुटी, अदुवा र बेसारखेती सुरु गरेपछि वन व्यवस्थापनको स्वरूप नै फेरिएको छ । खाली जमिन उत्पादनशील बन्दा झाडी बढ्न पाएन, सुक्खा पदार्थ थुप्रिन छाड्यो र आगलागीको सम्भावना उल्लेखनीय रूपमा घट्यो ।

लालीगुराँस जडीबुटी महिला आयआर्जन समूहकी अध्यक्ष चम्पामाया परियारका अनुसार खेती सुरु भएपछि वनमा बेवास्ता हुने ठाउँ नै बाँकी रहेन । 'पहिले यहाँ झाडीमात्र हुन्थ्यो, हिउँद लागेपछि आगो लाग्ला कि भन्ने डर हुन्थ्यो,' उनी भन्छिन्, 'अहिले खेत बनेपछि सफाइ पनि हुन्छ, निगरानी पनि बढेको छभने आगलागीको जोखिम घटेको छ ।'

दलित समुदायकी चम्पामायाका लागि यो अभ्यास आर्थिक आम्दानीभन्दा पनि सामाजिक परिवर्तनको कथा बनेको छ । सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध भएपछि उनले लेखपढ गर्न सिकेकी छन्, बैठकमा आफ्ना कुरा राख्न थालेकी छन् र समूहको नेतृत्वसमेत गरेकी छन् । 'पहिले दलित भनेर हेयको नजरले हेरिन्थ्यो, अहिले काम र क्षमताका आधारमा चिनिन थालेकी छु,' उनको अनुभव छ ।

समूहले खेतीसँगै वन संरक्षणलाई पनि प्राथमिकतामा राखेको छ । नियमित झाडी सफाइ, सुक्खा घाँस र पत्कर हटाउने, आगलागी हुनसक्ने स्थानमा सतर्कता अपनाउने र समुदायस्तरमा निगरानी गर्ने काम भइरहेको छ । यसले वन क्षेत्रमा डढेलो हुन नदिनेमात्र होइन, माटो मलिलो बनाउन पनि सहयोग पुगेको समूहको दाबी छ । जडीबुटीखेतीबाट बाँकी रहने जैविक पदार्थ कम्पोष्ट मलमा प्रयोग हुँदा माटोको उर्वराशक्ति बढेको छ ।

वन उपभोक्ता समूहका अनुसार महिलाको सक्रिय सहभागिताले वन संरक्षण थप प्रभावकारी बनेको छ । आम्दानीसँग जोडिएपछि वन जोगाउने जिम्मेवारी पनि साझा बनेको छ । पछिल्ला वर्षमा पशुपति सामुदायिक वन क्षेत्रमा कुनै ठूला आगलागीका घटना नभएको समूहले जनाएको छ । पशुपति सामुदायिक वनको यो अभ्यासले देखाएको छ- सिर्जनात्मक सोच, महिलाको नेतृत्व र सामुदायिक सहभागिता भए वन संरक्षण र जीविकोपार्जनसँगसँगै अघि बढ्न सक्छ । बेवास्तामा परेका जमिन उत्पादनशील बनेका छन्, आगलागीको जोखिम घटेको छ र समुदायमा सामाजिक रूपन्तरणको नयाँ बाटो खुलेको छ ।

### वातावरणीय फाइदाः कार्बनदेखि जैविक विविधतासम्म

डिभिजन वन कार्यालय मनहरीका वन अधिकृत सुरेशप्रसाद गुप्ताका अनुसार सुक्खा पत्कर, हुरीबतास र मानवीय लापरवाहीका कारण हरेक वर्ष हजारौं हेक्टर वन क्षेत्रमा आगलागी हुने गरे पनि मनहरी गाउँपालिकाका सुनाचुरी, डिपाट, पशुपति र मनकामना सामुदायिक वनमा विगत १० वर्षदेखि आगलागी नभएको र पछिल्ला सात वर्षयता पूर्णरूपमा शून्यमा झरेको छ । 'आगोको जोखिम उच्च मानिने क्षेत्रमा आगलागी शून्य हुनु संयोग होइन,' उनी भन्छन्, 'यो सचेत योजना, सामुदायिक सहभागिता र वनलाई आम्दानीसँग जोड्ने दूरदृष्टिको परिणाम हो ।'

डढेलो नलाग्दा कार्बनडाइअक्साइड, मिथेन र सुक्ष्म कणजस्ता हरितगृह ग्यासको उत्सर्जन घटेको छ, जसले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सहयोग पुऱ्याएको छ । जैविक मल प्रयोग बढेकाले माटोको गुणस्तर, चिस्यानधारण क्षमता र कार्बन सञ्चिति बढेको छ । मनहरी क्षेत्रमा निर्माण गरिएका रिचार्ज पोखरीले भूजल पुनःभरण, मुहान संरक्षण, वन्यजन्तुका लागि पानीको उपलब्धता र जल सन्तुलन कायम गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । विजयसाल, सतिसाल, दार, चिउरी र नीमजस्ता स्थानीय प्रजातिको रोपाइँ तथा लोपोन्मुख सालक (प्यांगोलिन) संरक्षणका प्रयासले जैविक विविधता संरक्षणलाई थप मजबुत बनाएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंका अनुसार वनलाई आम्दानीसँग जोडेर आगलागीजस्तो प्रमुख विनाशकारी कारक शून्यमा झारिनु सामुदायिक वनभित्रको सुशासन र दिगो विकासको स्पष्ट उदाहरण हो । *रासस*

## संकटमा राना...

उनका अनुसार आधुनिक सवारीसाधनको प्रयोगले सहजता त दिएको छ तर समुदायको मौलिक चालचलन र संस्कार ओझेलमा पर्न थालेका छन् । परम्परागत पहिरनको साटो अचेल बेहुलाले कोटपाइन्ट, टाइ र दुलहीले आधुनिक तथा महँगा लुगा लगाउने चलन बढ्दै गएको छ । यसले राना थारु समुदायको मौलिक पहिचान झल्काउने संस्कृति कमजोर बन्दै गएको राना थारु संस्कृतिविद्हरूको भनाइ छ ।

स्थानीय अगुवाहरूले आधुनिकतालाई पूर्णरूपमा अस्वीकार गर्न नसकिने भए पनि परम्परागत संस्कार र संस्कृति जोगाउन नयाँ पुस्तामा चेतना आवश्यक रहेको बताउँछन् । डोली-चण्डोलजस्ता सांस्कृतिक प्रतीक संरक्षण गर्न समुदाय, स्थानीय तह र सरोकारवाला निकायको सहकार्य आवश्यक रहेको थारु बुद्धिजीवी गेदुराम रानाले बताए । 'राना थारु समुदायको डोली-चण्डोल परम्परा केवल विवाह संस्कारको एउटा हिस्सामात्र नभई सामूहिक पहिचान, सामाजिक सम्बन्ध र सांस्कृतिक गौरवको प्रतीक भएकाले यसलाई जोगाउनु अत्यन्त आवश्यक छ,' उनी भन्छन् । *रासस*

प्रभाव दैनिक




### सकियो 'आइएम जितबहादुर'को छायांकन

फिल्म 'आइएम जितबहादुर' को छायांकन सकिएको छ । बिहीबार शंखमुलस्थित 'ए-वान क्याफे' मा जितुको अन्तिम दृश्य छायांकनसँगै फिल्म सकिएको हो । कलाकार जितु नेपाल 'मुन्द्रे' को मुख्य भूमिका र निर्माण रहेको फिल्मको १५औँ दिनमा छायांकन सकिएको हो । फिल्ममा जितुका अलवा प्रियंका कार्की, वर्षा राउतको पनि मुख्य भूमिका छ । फिल्ममा नीति शाह, आर्यन सिग्देल पनि देखिनेछन् । हिन्दी र बंगाली भाषाका फिल्म निर्देशक शुभेन्दु घोष निर्देशित फिल्ममा प्रियंका कार्की र वर्षा राउतको पनि अभिनय छ ।



शनिबार, १७ माघ २०८२ (Saturday, 31 January 2026)

# 'द ब्ल्यू लाइट' प्रदर्शनमा

■ प्रभाव संवाददाता




**काठमाडौं–** चलचित्र 'द ब्ल्यू लाइट' आजबाट प्रदर्शनमा आएको छ । फ्राइडे रिलिज अन्तर्गत 'द ब्ल्यू लाइट' प्रदर्शनमा आएको हो ।

बलिराम चौहानको निर्देशन रहेको चलचित्रले प्रिमियरमा उत्कृष्ट प्रतिक्रिया पाएको छ । बिहीबार भएको प्रिमियरमा चलचित्रले तारिफ पाएको छ ।

साइकोलोजिकल थ्रिलर जनरामा बनेका सीमित राम्रा चलचित्रमध्ये 'द ब्ल्यू लाइट' एक भएको सिनेमा हेरेपछि प्रतिक्रिया आएको छ । नेपालमा बनिरहेका चलचित्रमध्ये फरक खालको भएको प्रतिक्रिया पाएको छ । एकै खालका सिनेमा बने भन्ने गुनासो दर्शक तथा समीक्षकबाट आइरहेका बेला फरक टेस्ट बोकेर 'द ब्ल्यू लाइट' आएको सिनेमा हेरेपछि कलाकार तथा मेकरले बताएका छन् । कतिपयले चलचित्रको 'ब्याकग्राउन्ड स्कोर' (पार्श्व संगीत) ले थ्रिलर मुडलाई अन्त्यसम्म कायम राखेको प्रतिक्रिया दिएका छन् ।

एउटै धारका चलचित्र हेरेर वाक्क भएका दर्शकका लागि 'द ब्ल्यू लाइट' ले नयाँपन दिने विश्वास प्रिमियरमा देखिएको उत्साहले देखाएको छ । चुनौती मोलेर यो सिनेमा बनेको भन्दै दर्शकले मन पराउने प्रतिक्रिया प्रिमियरमा चलचित्र हेर्नेको भनाइ छ । चलचित्रमा अभिनय र मेकिङको सबैले तारिफ गरेका छन् । खलपात्रमा देखिएकी सृष्टि श्रेष्ठको अभिनयको खुलेर तारिफ भएको छ ।

प्रिमियरपछि बोल्दै कलाकार तथा निर्देशक दीपक आचार्य (काकु) ले फिल्मको समग्र प्याकेजलाई उत्कृष्ट भनेका छन् । उनले कलाकारहरूको अभिनयले दर्शकलाई मन्त्रमुग्ध बनाउने दाबी गरे ।

"चलचित्रलाई 'फरक स्वादको उत्कृष्ट प्याकेज' को रूपमा परिभाषित गरे । उनले भने, "सिनेमाटोग्राफीमा नरेन्द्र मैनालीको जादु छ, र कथा बिल्कुलै नौलो छ । कलाकारहरूको अभिनयले तपाईंलाई हलभित्र बाँधेर राख्छ," उनले भने ।

त्यस्तै, निर्माता अविरल थापाले फिल्म पारखीहरूका लागि नरेन्द्र मैनालीको छायांकनको जादु अनुभूत गर्न यो सिनेमा हेर्नैपर्ने बताए । प्रिमियरमा अभिनेता खगेन्द्र लामिछाने, अभिनेत्री नीति शाह लगायतका सेलेब्रिटीहरूले पनि चलचित्रको प्राविधिक पक्ष र कथावाचनको शैलीलाई तारिफ गरेका थिए ।

चलचित्रमा मुख्य भूमिका निभाएकी साथै कार्यकारी निर्माताको जिम्मेवारी सम्हालेकी बेनिशा हमालले प्रिमियरपछि खुसी व्यक्त गरिन् । उनले भनिन्, "नेपालमा साइकोलोजिकल थ्रिलर बनाउनु एउटा ठूलो चुनौती र जोखिम थियो । तर, आज प्रिमियरमा उपस्थित दर्शक र चलचित्रकर्मीले जुन किसिमको प्रतिक्रिया दिनुभयो, त्यसले हाम्रो मेहेनत सफल भएको महसुस गराएको छ । यो फिल्म मेरो लागि केवल अभिनय मात्र होइन, एउटा सपना पनि हो ।"

निर्देशक बलिराम चौहानले आफूले भन्न खोजेको कथालाई कलाकारहरूले पर्दामा जीवन्त उतारिदिएकोमा आभार व्यक्त गरे । उनले भने, "हामीले एउटा इमान्दार प्रयास गरेका छौं । प्रिमियरमा जुन लेभलको तारिफ पाइयो, हलमा आम दर्शकले पनि यसलाई त्यसरी नै माया गरिदिनुहुनेछ भन्नेमा आशावादी छु ।" चलचित्र 'द ब्ल्यू लाइट'मा बेनिशा हमाल, श्रृष्टि श्रेष्ठ र अर्पण थापा, आयुशमान देशराज जोशी, महेश त्रिपाठी र सुरक्षा इटानी मुख्य भूमिकामा छन् । बाल कलाकारमा ग्रिस्मा कटुवाल र सहारा शर्मा छन् ।

चलचित्र 'द ब्ल्यू लाइट'लाई बलिराम चौहानले निर्देशन गरेका छन् । यो उनको पहिलो निर्देशन हो । स्काइफल पिक्चर्सले प्रस्तुत गरेको 'द ब्ल्यू लाइट'को को-प्रोडुसरको रूपमा भोलानाथ कटुवाल र रमन ग्रे रहेका छन् । कार्यकारी निर्मातामा भने छायाकार नरेन्द्र मैनाली र नायिका बेनिशा हमाल छन् । नरेन्द्र मैनालीको छायांकन रहेको चलचित्रमा आकाश उखेडा मुख्य सहायक निर्देशक छन् । रेलिजा श्रेष्ठ प्रोडक्सन डिजाइनर र दिलीप पन्त निर्माण नियन्त्रक हुन् । शुक्रबारबाट देशभरका हलमा लागेको यो चलचित्रले प्रिमियरमा जस्तै आम दर्शकबाट पनि सकारात्मक वर्ड अफ माउथ पाउनेमा निर्माण पक्ष ढुक्क देखिएको छ

# 'कोशी एक्सिलेन्स अवार्ड-२०२६' फागुन ७ गते हुने

■ प्रभाव संवाददाता



**काठमाडौं–** कोशी एक्सिलेन्स अवार्ड-२०२६ को प्रत्यक्ष प्रसारण कान्तिपुर टेलिभिजनबाट हुने भएको छ ।

नयन मिडिया फाउन्डेसनका अध्यक्ष पवन अधिकारी र कान्तिपुर टेलिभिजनका विजनेश प्रमुख सागर केसी र मार्केटिङ मेनेजर अनुपम अधिकारी बिच कोशी एक्सिलेन्स अवार्ड वितरण कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्ने सम्झौता भएको हो ।

आउँदो फागुन ७ गते इटहरीको सोल्टी वेस्ट्रन होटेलमा कोशी प्रदेशको पर्यटन, व्यापार र सामाजिक सांस्कृतिक पहिचान प्रवर्धनका लागि योगदान गर्ने उद्देश्यले कोशी एक्सिलेन्स अवार्ड -२०२६ आयोजना हुँदै छ ।

कोशी प्रदेशकै सबैभन्दा ठुलो र प्रतिष्ठित अवार्डका रूपमा स्थापित यस कार्यक्रमले कोशी प्रदेशमा जन्मिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मान गर्दै आएको छ ।

यस वर्ष अवार्डलाई अझ परिष्कृत र प्रभावशाली बनाउन तीन नयाँ विधा अटोमोबाइल, संगीत र क्यापिटल मार्केट थप गरेर कुल १६ विधामा अवार्ड प्रदान गरिने आयोजक संस्था नयन मिडिया फाउन्डेसनका अध्यक्ष पवन अधिकारीले बताए ।

गत वर्ष शिक्षा, स्वास्थ्य, सञ्चार, साहित्य, पर्यटन, कृषि, कर्पोरेट, बैंकिङ, खेलकुद, सामाजिक, स्टार्टअप, टेक्नोलोजी र इन्स्योरेन्स लगायत दर्जनभन्दा बढी विधामा अवार्ड प्रदान गरिएको उनले बताए ।

अवार्डलाई थप विश्वासिलो र राष्ट्रिय स्तरको बनाउने उद्देश्यले उच्चस्तरीय निर्णायक समिति गठन गरिएको अध्यक्ष अधिकारीले बताए ।

निर्णायक समितिमा नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर महाप्रसाद अधिकारी प्रमुख सल्लाहकार रहेका छन् भने संविधानसभा सदस्य पवन शारडाको संयोजकत्वमा चार सदस्यीय निर्णायक मण्डल गठन गरिएको छ । समितिले अवार्ड प्राप्तकर्ताको छनोट प्रक्रिया तीव्र र पारदर्शी ढंगले अघि बढाइरहेको उनले जानकारी दिए ।

कोशी प्रदेश सरकारले कोशी पर्यटन वर्ष-२०८२' को तयारीलाई अघि बढाइरहेको सन्दर्भमा, अवार्ड कार्यक्रमले प्रदेशको पर्यटन, व्यापार र सामाजिक सांस्कृतिक पहिचान प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने आयोजकको विश्वास छ ।

अध्यक्ष अधिकारीका अनुसार, कार्यक्रमले व्यापारसँगै पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउनेछ र कोशी पर्यटनलाई राष्ट्रिय स्तरमै चिनाउने लक्ष्य रहेको छ । अवार्ड कार्यक्रमको व्यवस्थापन इटहरीस्थित काफल्सले गर्ने बताइएको छ ।



छैटौं टाइगर कप भलिबल

# न्यु डायमण्डले जित्यो टाइगर कपको महिलातर्फको उपाधि

## गण्डकी र पर्वतबीचको पुरुष फाइनल आज




■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा सञ्चालन भएको छैठौं संस्करणको टाइगर कप राष्ट्रिय तथा अन्तरराष्ट्रिय आमन्त्रित क्लब च्याम्पियनसिप भलिबल प्रतियोगितामा महिलातर्फको उपाधि न्यू डायमण्ड स्पोर्ट्स क्लबले जितेको छ ।

पोखरा रंगशालास्थित भलिबल कोर्टमा शुक्रबार सम्पन्न फाइनल खेलमा विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै न्यू डायमण्डले उपाधि जितेको हो । न्यू डायमण्डले पहिलो सेट २५-११, दोस्रो सेट २५-२२ र तेस्रो सेट २५-१६ ले आफ्नो पक्षमा पाऱ्यो ।

उपाधिसँगै न्यू डायमण्डले रु छ लाख ६६ हजार ६६६ हात पाऱ्यो । उपविजेता बनेको पुलिसले रु तीन लाख ६६ हजार ६६६ प्राप्त गऱ्यो । महिलातर्फ थाइल्याण्ड क्विन्स तृतीय हुन सफल भयो । थाइल्याण्ड क्विन्सले रु दुई लाख छ हजार ६६६ पुरस्कार पायो ।

प्रतियोगितामा न्यू डायमण्डकी सुमित्रा रेग्मी सर्वोत्कृष्ट खेलाडी घोषित भइन् । उनले रु २६ हजार ६६६ प्राप्त गरिन् । उत्कृष्ट सर्भर प्रतिभा माली, लिविरो शान्तिकला तामाङ, सेटर प्रगति नाथ, ब्लकर सुनिता खत्री, स्पाइकर पथैया र प्रशिक्षक कुमार राई विधागततर्फ उत्कृष्ट बने । उनीहरूले जनही रु ११ हजार ६६६ प्राप्त गरे । अघिल्लो संस्करणमा महिलातर्फको उपाधि आयोजक टोली टाइगर ग्रुपले जितेको थियो ।

प्रतियोगितामा पुरुषतर्फ समूह चरणको अन्तिम खेलमा पर्वत जिल्ला भलिबल संघ र गण्डकी प्रदेश भिडेका थिए । यी दुईबीचको खेलमा गण्डकी ३-२ ले विजयी भएसँगै यी दुवै टिम फाइनलमा प्रवेश गरेका छन् भने नेपाल प्रहरी क्लब र त्रिभुवन आर्मी क्लब तेस्रो स्थानका लागि भिड्ने भएका छन् ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा यही माघ ९ गतेदेखि जारी च्याम्पियनसिपमा पुरुषतर्फ छ र महिलातर्फ पाँच टोली सहभागी भएका थिए ।

# आर्मीले जित्यो २५ औं पुरुष राष्ट्रिय कबड्डी प्रतियोगिताको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं –** त्रिभुवन आर्मी क्लबले २५ औं पुरुष राष्ट्रिय कबड्डी प्रतियोगिताको उपाधि जितेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा शुक्रबार सम्पन्न फाइनलमा एपीएफ क्लबलाई पेनाल्टीमा ६-५ अंकले पराजित गर्दै आर्मीले उपाधि हात पारेको हो ।

निर्धारित समयको खेल ३८-३८ अंकमा सकिएको थियो । त्योसँगै उपाधिको छिनोफानो अतिरिक्त समयमा गरिएको हो । प्राप्त समान ५ मिनेटमा आर्मीले ६ अंक जोड्दा एपीएफले भने ५ अंक मात्र जोड्न सक्यो ।

पहिलो हाफमा आर्मीले जम्मा एक अंकको अग्रता लिएको थियो । उक्त हाफ २२-२१ मा टुंगिएको थियो । तर, दोस्रो हाफ भने रोमाञ्चक रह्यो । एक समय ३६-३८ को स्थितिमा रहेको आर्मीले समय सकिन केही अगाडि मात्र आफ्नो रेइडमा दुई अंक जोड्दै खेल 'टाइ' गरेको थियो । त्यसपछि खेल पेनाल्टीमा धकेलिएको हो । पेनाल्टीमा पनि एक समय आर्मी र एपीएफ ४-४ को स्थितिमा थिए । तर, आर्मीले लगातार दुई अंक बटुल्दा एपीएफले भने एक अंक मात्र हात पार्न सक्यो ।

महिलातर्फ एपीएफकी रविना चौधरी उत्कृष्ट खेलाडी घोषित भइन् । पुरुषतर्फ भने आर्मीका गणेश पार्की उत्कृष्ट खेलाडी घोषित भए ।

# आठौं संस्करणको व्यास अल्ट्रा म्याराथनको उपाधि नेपाली सेनालाई

■ प्रभाव संवाददाता

**डुम्रे–** जिल्लाको व्यास नगरपालिकाले आयोजना गरेको 'आठौं व्यास नगर अल्ट्रा म्याराथन' को उपाधि नेपाली सेनाले जितेको छ । 'पर्यटन, धार्मिक एवं ऐतिहासिक क्षेत्रको पहिचान: व्यास नगरपालिकाको अभियान' भन्ने नारासहित सहिद दिवसका अवसरमा शुक्रबार आयोजित प्रतियोगितामा सिंह सर्दुल गुल्म स्याङ्जाका प्युठ कर्ण रावलले दुई घण्टा ४८ मिनेट २७ सेकेण्डमा ४४ किलोमिटर दूरी पार गर्दै प्रथम भएका थिए ।

नन्द बक्स गुल्म सिराहाका प्युठ तिलक सुनुवार दुई घण्टा ५८ मिनेट पार गर्दै द्वितीय र त्रिभुवन आर्मी क्लबका होमलल श्रेष्ठ तृतीय हुनुभएको नगरको शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख केदार आचार्यले जानकारी दिए ।

पर्यटकीय क्षेत्र व्यास-५ मानहुँकोटदेखि सहिद गाउँ व्यास-८ पुलिमराङलाई जोड्ने उद्देश्यले म्याराथन गरिएको हो ।

प्रतियोगितामा देशभरका विभिन्न जिल्लाबाट ४२ जना धावकको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश: रु ८५ हजार ७७, रु ६५ हजार ७७ र रु ५५ हजार ७७ नगद पुरस्कार प्रदान गरिएको छ । पाँच धावकलाई सान्त्वना पुरस्कारस्वरूप रु १६ हजार ७७ प्रदान गरिएको छ ।

गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले पर्यटकीय क्षेत्र र सहिद गाउँलाई जोडेर गरिएको प्रतियोगिताले यहाँको प्रचारप्रसारमा टेवा पुगेको बताए ।

नगरप्रमुख वैकुण्ठ न्यौपानेले खेलकुदका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बर्सेनि अल्ट्रा म्याराथन आयोजना गरिँदै आएको बताए । उनले अल्ट्रा म्याराथन केवल खेलकुद प्रतियोगिता मात्र नभई सहिदको बलिदान स्मरण र प्रतिभा पहिचान गर्ने अभियान भएको बताए ।

नगर प्रमुख न्यौपानेले भने, 'यो दौड हाम्रो इतिहास, संस्कृति र सहिदप्रतिको सम्मानसँग जोडिएको छ । यसले मगर र गुरुङ समुदायको कला, संस्कार, संस्कृति प्रवर्द्धनमा टेवा पुगेको छ ।'

मानुङकोटबाट अलैंचे, चापाघाट, अनसन चौतारी, सफा सडक, भोर्लेटार चोक, बैरेनी, दुम्सी, कलेस्ती, पाथ्रा, सत्रसय, बानियाँडिही, बर्लाची, सोतीवेशी, बगुवा रिस्ती र बाहुन पोखरा हुँदै सहिद गाउँ पुलिमराङसम्म ४४ किलोमिटर दौड भएको थियो ।

व्यास नगरपालिका-६ का वडाध्यक्ष एवं नगर खेलकुद विकास समितिका संयोजक जीवन गुरुङ कुमारले अल्ट्रा म्याराथनले व्यास नगरपालिकाका ग्रामीण बस्ती, धार्मिकस्थल र ऐतिहासिक क्षेत्रलाई एउटै मालामा जोड्ने कार्य गरको बताए । प्रतियोगिताले स्थानीय युवालाई खेलकुदतर्फ आकर्षित गर्दै आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान गरिरहेको उनको भनाइ छ ।



जापानको आओमोरी प्रान्तको आओमोरी सहरमा पसलको अगाडि जमेको हिउँ फाल्दै एक पसलका कर्मचारी (दायाँ) । *तस्बिर: एएफपी*

# भेनेजुएलाको तेल क्षेत्रमा निजीकरणको बाटो खुल्यो

**काराकस–** भेनेजुएलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले बिहीबार देशको तेल उद्योग सुधारसम्बन्धी नयाँ कानुनमा हस्ताक्षर गरेका छन् । यस कानुनले निजी कम्पनीहरूलाई तेल उत्पादन र बिक्रीमा ठूलो भूमिका दिने व्यवस्था गर्दै दुई दशकभन्दा बढी समयदेखि लागू समाजवादी नीतिलाई उल्टचाएको छ ।

यो सुधार सरकारको सबैभन्दा महत्त्वपूर्ण नीतिगत कदम मानिएको छ। लामो समयदेखि संकटमा परेको तेल उद्योगमा विदेशी लगानी आकर्षित गर्ने लक्ष्यसहित राज्यको कडा नियन्त्रण खुकुलो बनाइएको हो । राजधानी काराकसमा अमेरिकी सेनाको आक्रमणपछि पूर्वराष्ट्रपति निकोलस मदुरोको सत्ता गुमेको एक महिनाभित्रै यो कानुन लागू गरिएको हो ।

राष्ट्रिय सभाबाट विधेयक पारित भएको दुई घण्टाभन्दा कम समयमा रोड्रिगेजले हस्ताक्षर गरेका थिए । सोही समयमा अमेरिकी अर्थ मन्त्रालयलले भेनेजुएलामाथि लगाइएका तेलसम्बन्धी केही आर्थिक प्रतिबन्धहरू खुकुलो पार्दै अमेरिकी ऊर्जा कम्पनीहरूको गतिविधि विस्तार गर्ने प्रक्रिया अघि बढाएको जनाएको छ।

रोड्रिगेजले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र विदेशमन्त्री मार्को रुबियोसँग पनि वार्ता गरेका थिए । अमेरिकी पक्षले भेनेजुएलाको तेल निर्यात नियमन गर्दै त्यसबाट आउने आम्दानीको निगरानी गर्ने योजना सार्वजनिक गरेको छ । विश्वमै सबैभन्दा ठूलो प्रमाणित कच्चा तेल भण्डार भेनेजुएलामै रहेको छ ।

नयाँ कानुनअनुसार निजी कम्पनीहरूले स्वीकृत व्यापार योजनाका आधारमा आफ्नै खर्च र जोखिममा तेल क्षेत्र सञ्चालन गर्न सक्ने छन् । यसले राज्यस्वामित्वको पिडिभिएसएको उत्पादन र मूल्य निर्धारणसम्बन्धी एकाधिकार अन्त्य गर्दछ । साथै, विदेशी लगानीकर्ताका लागि महत्त्वपूर्ण मानिने स्वतन्त्र अन्तर्राष्ट्रिय मध्यस्थताको व्यवस्था पनि समेटिएको छ ।

कानुनले रोयल्टी दर अधिकतम् ३० प्रतिशतमा सीमित गर्ने र परियोजनाको प्रकृतिअनुसार कार्यकारी शाखाले कर संरचना निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ । सत्ताधारी दलका सांसदहरूले यसले देशको अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउने दाबी गरेका छन् । विपक्षी सांसदहरूले भने पारदर्शिता र जवाफदेहिताका प्रावधान थप्न आग्रह गरेका छन् । तेल कामदार र सत्ताधारी दलका समर्थकहरूले संसद् भवनमा विधेयक पारित भएको खुसीयाली मनाएका थिए ।

यसअघि पूर्वराष्ट्रपति ह्युगो चाभेजले तेल उद्योगलाई कडा राज्य नियन्त्रणमा राख्दै सामाजिक कार्यक्रमहरूको आधार बनाएका थिए । तर तेल मूल्यको गिरावट, भ्रष्टाचार, खराब व्यवस्थापन र अमेरिकी प्रतिबन्धका कारण उद्योग कमजोर बन्दै गयो र गहिरो आर्थिक संकट उत्पन्न भयो । नयाँ सुधारले त्यही संकटबाट बाहिर निस्कन प्रयास गरेको सरकारको भनाइ छ । *रासस⁄एपी*

# मानवीय सुरक्षा सुनिश्चित गर्ने युक्रेनको नयाँ कदम

**किएभ–** युक्रेनका राष्ट्रपति भोलोदीमिर भ्रेलेन्स्कीले आफ्ना सहरमाथि आक्रमण रोकिएको देखिने आशा व्यक्त गरेका छन्। उनले यो आशा संयुक्त अरब इमिरेट्समा अमेरिकी र रुसी प्रतिनिधिहरूबीच भएको वार्ता र समझदारी अनुसार लागू हुने विश्वासमा आधारित रहेको बताएका छन् । राष्ट्रपति झेलन्स्कीले उक्त कदमले युद्धको क्रममा तनाव घटाउने र वास्तविक प्रगति ल्याउने दिशामा मद्दत पुऱ्याउने बताएका छन् ।

उक्त आशा सार्वजनिक गर्दै झेलन्स्कीले नागरिक सुरक्षा र मानव जीवनको महत्वलाई जोड दिए । उनले यस प्रकारको समझदारीले युद्धको हिंसा र विनाश कम गर्ने, साथै सामान्य जनताको जीवनमा सहजता ल्याउने अपेक्षा व्यक्त गरे ।

यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि युक्रेनको राजधानी किएभ र अन्य सहरहरूमा आक्रमण रोक्नका लागि अनुरोध र सुझाव दिएका थिए । उनका अनुसार यो कदमले मानवीय कठिनाइ कम गर्ने उद्देश्य राखेको थियो । युक्रेनको यो पहलले अन्तर्राष्ट्रियस्तरमा पनि सकारात्मक संकेत दिएको छ, जसले आगामी कूटनीतिक वार्ता र तनाव घटाउने प्रयासमा महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

यो घटनाक्रमले युक्रेन र विश्व समुदायबीच युद्धको समाधान खोज्ने प्रक्रिया अझ गहिरो र संवेदनशील भएको संकेत दिन्छ। विशेषज्ञहरूले यस्ता कदमहरूले सहरी क्षेत्रको सुरक्षा, जनजीवन र युद्धको मानविय असर कम गर्न सहयोग पुऱ्याउने सम्भावना राख्ने भनेका छन् । *रासस⁄एपी*

# क्यानाडालाई विमानमा ५० प्रतिशत कर लगाउने ट्रम्पको चेतावनी



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार क्यानाडालाई अमेरिकामा बिक्री हुने कुनै पनि विमानमा ५० प्रतिशत कर लगाउने चेतावनी दिएका छन् । क्यानाडाले जर्जियास्थित गल्फस्ट्रिम एयरोस्पेसका जेट विमानलाई प्रमाणीकरण गर्न अस्वीकार गरेको आरोप लगाउँदै ट्रम्पले बदलास्वरूप यस्तो कदम चाल्न सकिने बताएका हुन् ।

सामाजिक सञ्जालमा गरिएको पोस्टमा ट्रम्पले क्यानाडाले आफ्नो निर्णय तुरुन्त सच्याएन भने अमेरिकामा बेचिने सबै क्यानाडाली विमानमा उच्च कर लगाइने उल्लेख गरेका छन् । उनले बोम्बार्डियरका ग्लोबल एक्सप्रेस व्यापारिक जेटहरूको प्रमाणपत्र रद्द गर्ने प्रक्रिया अघि बढाइएको दाबी पनि गरेका छन् । उड्डयन विश्लेषण कम्पनी सिरियमका अनुसार हाल अमेरिकामा दर्ता भएर सञ्चालनमा रहेका करिब १५० ग्लोबल एक्सप्रेस विमान छन् ।

बोम्बार्डियर र गल्फस्ट्रिम व्यापारिक जेट बजारका प्रत्यक्ष प्रतिस्पर्धी हुन् । बोम्बार्डियरले विज्ञप्ति जारी गर्दै राष्ट्रपति ट्रम्पको अभिव्यक्तिलाई गम्भीररूपमा लिएको र क्यानाडा सरकारसँग निरन्तर सम्पर्कमा रहेको जनाएको छ । कम्पनीले आफ्ना सबै विमान अमेरिकी संघीय उड्डयन प्रशासनका मापदण्डअनुसार पूर्णरूपमा प्रमाणित रहेको र अमेरिकामा आफ्नो सञ्चालन विस्तार भइरहेको स्पष्ट पारेको छ ।

क्यानाडा सरकारका प्रवक्ताहरूले यस विषयमा तत्काल प्रतिक्रिया दिएका छैनन् । तर म्याकगिल विश्वविद्यालयका उड्डयनविज्ञ जोन ग्रेडेकले प्रमाणीकरण सुरक्षा विषयसँग सम्बन्धित हुने र व्यापारिक कारणले प्रमाणपत्र रद्द गर्नु अभूतपूर्व हुने बताएका छन् । उनका अनुसार व्यापार युद्धको सन्दर्भमा यो कदम चरम दबाबको नयाँ संकेत हुनसक्छ ।

यसअघि सन् २०१७ मा पहिलो ट्रम्प प्रशासनका बेला अमेरिकी वाणिज्य मन्त्रालयले बोम्बार्डियरमाथि अनुचित सरकारी अनुदानको आरोप लगाउँदै शुल्क लगाएको थियो । तर पछि अमेरिकी अन्तर्राष्ट्रिय व्यापार आयोगले क्यानाडाली कम्पनीले अमेरिकी उद्योगलाई क्षति नपुऱ्याएको ठहर गरेको थियो ।

विश्लेषकहरूका अनुसार यदि अमेरिकी बजार बोम्बार्डियरका लागि बन्द भयो भने क्युबेकस्थित यस कम्पनीलाई ठूलो आर्थिक झट्का पुग्ने छ । क्यानाडाका अन्य विमान निर्माता तथा क्यानाडामा उत्पादन हुने एयर बसका परियोजनामासमेत यसको प्रभाव पर्न सक्ने अनुमान गरिएको छ । *रासस⁄एपी*

# अमेरिकी सरकार सटडाउनतर्फ

**वासिङ्टन–** अमेरिकी सिनेटले सरकारी खर्चसम्बन्धी महत्त्वपूर्ण मतदान अवरुद्ध गरेपछि संघीय सरकार आंशिकरूपमा बन्द हुने सम्भावना बढेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको कडा आप्रवासन नीतिलाई लिएर ह्वाइट हाउस र सिनेट डेमोक्रेटबीच बढेको गतिरोधका कारण शनिबार मध्यरातपछि सटडाउन सुरु हुने देखिएको हो ।

असफल मतदानका कारण संघीय सरकारको तीन चौथाइभन्दा बढी खर्च धान्ने छ-बिल खर्च प्याकेज रोकिएको छ। संशोधित प्याकेजमा फेरि मतदान गर्ने तयारी भए पनि त्यसलाई हाउस अफ रिप्रेजेन्टेटिभ्सले पनि पारित गर्नुपर्ने छ, तर हाउस अफ रिप्रेजेन्टेटिभ्स सोमबारसम्म विश्राममा रहने भएकाले समयसीमा नाघ्ने निश्चित जस्तै भएको छ ।

ट्रम्पले पद सम्हालेपछि यो दोस्रो सरकारी सटडाउन हुने छ। यद्यपि अघिल्लोपटकको ४३ दिन लामो बन्दको तुलनामा यसपटक छोटो हुने अपेक्षा गरिएको छ ।

डेमोक्रेटहरूले गृह मन्त्रालयलका लागि छुट्टै कोष व्यवस्था र आप्रवासन तथा भन्सार कार्यान्वयन निकाय आइसिईको कार्यशैलीमा कडा सर्त राख्ने माग गर्दै आएका छन् । सिनेटका डेमोक्रेट नेता चक शुमरले आइसिईको गतिविधिलाई राज्यद्वारा स्वीकृत ठगीको संज्ञा दिँदै कंग्रेससँग त्यसलाई रोक्ने नैतिक दायित्व रहेको बताएका छन् ।

पछि शुमरले ह्वाइट हाउसले अस्थायी ढाँचामा सहमति जनाएको जानकारी दिए, तर अमेरिकी सञ्चारमाध्यमहरूले मतदान शुक्रबारसम्म ढिलाइ भएको जनाएका छन् । ट्रम्पले सामाजिक सञ्जालमार्फत द्विदलीय समर्थन जुटाउन आह्वान गर्दै सम्झौतालाई समर्थन गर्न आग्रह गरेका छन् ।

यदि सटडाउन लम्बियो भने लाखौं संघीय कर्मचारी बिदामा जाने वा तलबविना काम गर्नुपर्ने अवस्था आउन सक्छ, जसको असर वासिङ्टन बाहिरसम्म फैलिन सक्ने छ । यस विवादलाई आप्रवासन प्रवर्तनसँग जोडिएका हालैका हिंसात्मक घटनाले थप चर्काएको छ । मिनियापोलिसमा ट्रम्प प्रशासनको निर्वासन अपरेसन अनुगमन गरिरहेका एक नर्सको संघीय एजेण्टद्वारा गोली हानी हत्या भएपछि कंग्रेसमा बहस तीव्र बनेको छ ।

डेमोक्रेटहरूले रक्षा, स्वास्थ्य, शिक्षा र यातायातलगायतका अन्य खर्च बिलहरू तुरुन्त पारित गर्न तयार रहेको बताएका छन् । तर उनीहरूले आइसिईका गस्ती, वारेन्ट प्रक्रिया, बल प्रयोगका नियम, शरीर क्यामेरा र पहिचानसम्बन्धी व्यवस्था कडा बनाउन डिएचएस बिल पुनर्लेखनको माग गरेका छन् ।

ह्वाइट हाउसको प्रस्तावले भने गृह मन्त्रालयलाई सटडाउन टार्न दुई हप्ताको समय दिनेमात्र व्यवस्था गरेको छ। सांसदहरूले डिएचएस कोषमा अवरोध आए विशेषगरी देशभर कठोर जाडो मौसम फैलिँदै गएको बेला आपत्कालीन व्यवस्थापन एजेन्सीजस्ता निकायहरू प्रभावित हुनसक्ने चेतावनी दिएका छन् । *रासस⁄एएफपी*

# जापानको औद्योगिक उत्पादन २०२५ मा घट्यो

**टोकियो–** जापानको सरकारी तथ्यांकले जनाए अनुसार डिसेम्बर सन् २०२५ मा जापानको औद्योगिक उत्पादन ०.१ प्रतिशतले घटेको छ । यो जानकारी जापानी अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको सरकारी डेटामा समावेश छ ।

सरकारका अनुसार फ्याक्ट्री र खानीहरूको उत्पादन सूचकांक सन् २०२० का आधारअंक १०० को सापेक्ष १०१.८ मा कायम भएको छ, तर औद्योगिक वस्तु ढुवानी सूचकांक भने १.७ प्रतिशतले घटेर ९८.९ भएको देखिएको छ। अर्कोतर्फ इन्वेन्टरी (भण्डार) स्तरमा १.० प्रतिशतको वृद्धि देखिएको छ ।

यद्यपि, सन् २०२५ मा जापानको औद्योगिक उत्पादन अघिल्लो वर्षको तुलनामा ०.८ प्रतिशतले बढेको थियो, जुन चार वर्षमा पहिलोपटक सकारात्मक वृद्धि हो । यस वृद्धि विशेषगरी इलेक्ट्रोनिक पार्टस् र उपकरणहरूको उत्पादन बढेपछि आएको जनाइएको छ ।

उक्त आर्थिक डेटा जापानको उद्योग र व्यापार क्षेत्रको वर्तमान गतिशीलता बारे महत्त्वपूर्ण संकेत दिन्छ, र आगामी आर्थिक नीति तथा उत्पादन योजनाहरूका लागि आधार बन्दै छ । *रासस⁄सिन्ह्वा*

# म्यान्माको चुनावलाई आसियानले दिएन मान्यता

**सेबु (फिलिपिन्स)–** दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) ले म्यान्मामा हालै सम्पन्न चुनावलाई मान्यता नदिने स्पष्ट पारेको छ । सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेपछि सम्पन्न यो पहिलो चुनाव सेना समर्थित दलले जितेको दाबी गरे पनि आसियानले त्यसलाई स्वीकार नगर्ने फिलिपिन्सका विदेशमन्त्री थेरेसा लाजारोले बिहीबार बताएका हुन् ।

यो निर्णय म्यान्माका सैन्य शासकहरूका लागि अन्तर्राष्ट्रिय मान्यता खोज्ने प्रयासमा ठूलो झट्का मानिएको छ । आसियानले सत्ता कब्जापछि सैन्य शासनलाई औपचारिकरूपमा मान्यता दिन अस्वीकार गर्दै आएको छ । सत्ता कब्जापछि म्यान्मा घातक गृहयुद्ध र गहिरो राजनीतिक संकटमा फसेको छ ।




म्यान्माको चुनावलाई मान्यता दिने कि नदिने भन्ने प्रश्नमा लाजारोले अहिलेको अवस्थामा समर्थन नरहेको स्पष्ट पारेका छन् । उनले यस वर्ष आसियानको पहिलो मन्त्रीस्तरीय बैठकपछि बोल्दै क्षेत्रीय समूहले तीन चरणमा गरिएको चुनावलाई अनुमोदन नगरेको जानकारी दिए । म्यान्मा संकट बैठकको प्रमुख एजेण्डामध्ये एक थियो ।

म्यान्माको सेना समर्थित युनियन सोलिडेरिटी एण्ड डेभलपमेन्ट पार्टीले चुनाव जितेको दाबी गरेको छ। तर प्रमुख विपक्षी दलहरूलाई बहिष्कार गरिएको र असहमतिको कडा दमन गरिएको अवस्थामा भएको मतदान स्वतन्त्र र निष्पक्ष नभएको आलोचकहरूको भनाइ छ । संसद्का एक चौथाइ सिट स्वतः सेनाका लागि आरक्षित गरिनुले सैन्य नियन्त्रण सुनिश्चित गरिएको बताइन्छ ।

सिंगापुरका विदेशमन्त्री भिभियन बालाकृष्णनले अर्थपूर्ण राजनीतिक प्रगतिका लागि हिंसा अन्त्य, समावेशी संवाद र सबै पक्षको सहभागिता आवश्यक हुने बताएका छन् ।

यस वर्ष आसियानको घुम्ती अध्यक्षता फिलिपिन्सले सम्हालेको छ । सदस्य राष्ट्रहरूबीच आन्तरिक द्वन्द्व, सीमा विवाद र क्षेत्रीय तनाव कायमै रहेका बेला म्यान्माको विषयले समूहको एकतामाथि थप चुनौती सिर्जना गरेको विश्लेषण गरिएको छ । *रासस⁄एपी*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
| ३३९३०० | ० | ७५०५ |

## पाँचवर्षे वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको वित्तीय प्रणालीलाई सबल, सुदृढ र समावेशी बनाउँदै समग्र आर्थिक समृद्धिमा योगदान बढाउने उद्देश्यसहित पाँचवर्षे वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयनमा आएको छ ।

आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्म लागू हुने उक्त रणनीतिले कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा वित्तीय क्षेत्रको योगदान हालको ६.६५ प्रतिशतबाट बढाएर ७.५ प्रतिशत पुर्‍याउने लक्ष्य लिएको हो । साथै कुल जनसंख्याको ६० प्रतिशतसम्म बिमाको पहुँच विस्तार गर्ने लक्ष्यसमेत रणनीतिमा समेटिएको छ ।

अर्थ मन्त्रालयले तयार पारेको उक्त रणनीतिले वित्तीय क्षेत्रलाई दिगो, समावेशी र उत्थानशील बनाउँदै आर्थिक समृद्धिको आधार तयार गर्ने दूरदृष्टि अघि सारेको छ । रणनीतिमा 'आर्थिक समृद्धिका लागि सबल, सुदृढ, समावेशी र उत्थानशील वित्तीय क्षेत्र'लाई मूल दृष्टिकोणका रूपमा परिभाषित गरिएको छ ।

रणनीतिका उद्देश्यहरू दिगो तथा समावेशी आर्थिक विकासका लागि सक्षम र कुशल वित्तीय क्षेत्र विकासमा केन्द्रित छन् । वित्तीय प्रणालीलाई सुरक्षित, सबल, विश्वसनीय र स्थिर बनाउने, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्दै सुशासन कायम गर्ने, वातावरण तथा प्रविधिमैत्री वित्तीय सेवाको विस्तार गर्ने, वित्तीय साक्षरता, पहुँच र ग्राहक संरक्षणमार्फत समावेशी वित्तीय प्रणाली निर्माण गर्ने प्रमुख उद्देश्यहरू रणनीतिमा उल्लेख छन् ।

यी उद्देश्य हासिल गर्न रणनीतिले केही मार्गदर्शक सिद्धान्तसमेत तय गरेको छ । वित्तीय क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा, सुशासन र स्थायित्व कायम गर्नु, सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबीच परिपूरक भूमिका सुनिश्चित गर्नु, सूचना प्रविधिको सुरक्षित र उच्चतम प्रयोग गर्नु, वित्तीय संस्थाहरूको संस्थागत क्षमता सुदृढीकरण गर्नु, समावेशी तथा वातावरणमैत्री वित्तीय सेवाको विकास गर्नु, अनुसन्धान, विकास र नवीन अभ्यासलाई प्रोत्साहन गर्नु तथा ग्राहकहित संरक्षणलाई प्राथमिकतामा राख्नु रणनीतिका मुख्य सिद्धान्त हुन् ।

रणनीतिक रूपमा चार मुख्य स्तम्भ निर्धारण गरिएको छ । पहिलो स्तम्भ दिगो तथा समावेशी आर्थिक विकास हो । यसअन्तर्गत वित्तीय पूर्वाधार र क्षमता विकासमार्फत वास्तविक क्षेत्रको सुदृढीकरणमा जोड दिइएको छ । दोस्रो स्तम्भ वित्तीय पहुँच तथा समावेशीकरण हो । यसले बैंकिङ, बिमा र पुँजी बजार तथा सेवाहरू ग्रामीण तथा सीमान्तकृत समुदायसम्म पुर्‍याउने लक्ष्य राखेको छ ।

तेस्रो स्तम्भ वित्तीय साक्षरता तथा ग्राहक संरक्षणसँग सम्बन्धित छ । यसले वित्तीय सेवाको सुरक्षित र सचेत उपयोग सुनिश्चित गर्ने अपेक्षा गरेको छ । चौथो स्तम्भ वित्तीय क्षेत्र सुदृढीकरण तथा वित्तीय स्थायित्व रहेको छ । यसबाट वित्तीय प्रणालीप्रति जनविश्वास अभिवृद्धि गर्दै दीर्घकालीन स्थायित्व कायम गर्ने लक्ष्य राखिएको छ ।

रणनीतिमा उल्लेख गरिएअनुसार यो कार्यान्वयनमा आएसँगै विभिन्न परिमाणात्मक लक्ष्यहरू हासिल हुने अपेक्षा गरिएको छ । आव २०८६/८७ सम्म बैंकिङ प्रणालीबाट प्रवाहित कृषि कर्जा कुल कर्जाको १५ प्रतिशत पुर्याइने लक्ष्य लिइएको छ । जुन हाल १२.८४ प्रतिशत हाराहारी रहेको छ । मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, डिजिटल वालेट, क्यूआर कोडलगायत माध्यममार्फत हुने विद्युतीय कारोबारको संख्या तीन गुणासम्म वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

त्यसैगरी वित्तीय पहुँचसम्बन्धी सूचक विकास गरी वार्षिक रूपमा प्रकाशन गर्ने, ग्रीन बन्डलगायत विशिष्टिकृत बन्ड जारी गरी वित्तीय स्रोत संकलन गर्ने, विद्युतीय भुक्तानीका लागि 'अनस्ट्रक्चर्ड सप्लिमेन्ट्री सर्भिस डाटा' (युएसएसडी) प्रविधि कार्यान्वयनमा ल्याउने रणनीतिमा उल्लेख छ ।

कुल जनसंख्याको ६० प्रतिशतमा बिमाको पहुँच पुर्‍याउने, बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन तथा सुपरीवेक्षण संयन्त्र विकास गर्ने, पुँजी बजारमा इक्विटी डेरिभेटिभ्स, इन्डेक्स फन्ड र इटिएफजस्ता नयाँ वित्तीय उपकरण प्रवेश गराउने तथा वस्तु विनिमय बजार सञ्चालनमा ल्याउने लक्ष्यसमेत रणनीतिमा समावेश गरिएको छ ।

त्यसैगरी, रणनीति कार्यान्वयनका लागि अर्थ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सम्बन्धित नियामक निकायहरूले दुई महिनाभित्र विस्तृत कार्ययोजना तयार गर्ने व्यवस्था गरिएको छ । कार्ययोजनामा रणनीति, कार्य, समयसीमा, कार्यान्वयन निकाय, प्राथमिकता र प्रमुख कार्यसम्पादन सूचक समावेश गरिनेछ । साथै कार्यान्वयनको जिम्मेवारी स्पष्ट रूपमा तोक्दै नियमित अनुगमन र प्रतिवेदन प्रणाली विकास गरिनेछ ।

वित्तीय क्षेत्रमा देखिएका संरचनागत र नीतिगत समस्याको समाधान तथा नियामक निकायहरूबीच प्रभावकारी समन्वयका लागि उच्चस्तरीय वित्तीय क्षेत्र सुधार निर्देशक समिति गठन गरिनेछ ।

अर्थमन्त्रीको संयोजकत्वमा रहने उक्त समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ मन्त्रालयका सचिव, नेपाल बिमा प्राधिकरणका अध्यक्ष, नेपाल धितोपत्र बोर्डका अध्यक्ष, राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा सहकारी विभागका रजिष्ट्रार, साथै वित्तीय क्षेत्रका दुई जना विज्ञ सदस्य रहने व्यवस्था गरिएको छ ।



**पहेंलपुर तोरीबारी** | लमजुङको मध्यनेपाल नगरपालिका-६ दोभान डाँडामा स्थानीय किसानले लगाएको पहेंलपुर तोरी खेती ।

*तस्बिर : देवेन्द्र गुरुङ/रास*

## वीरगञ्ज भन्सार हुँदै छ महिनामा १८ अर्बका सवारीसाधन आयात

■ प्रभाव संवाददाता

**वीरगञ्ज –** वीरगञ्ज भन्सार हुँदै चालु आर्थिक वर्षको छ महिनामा रू १८ अर्ब १५ करोड मूल्य बराबरका सवारीसाधन तथा पार्टपुर्जा आयात गरिएको छ । गत वर्षको सोही अवधिको तुलनामा चालु आवमा छ अर्ब बढी मूल्यको सवारीसाधन र सवारीसाधनका पार्टपुर्जा आयात गरिएका हुन् ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले गत वर्षको तुलनामा सवारीसाधनको आयात ह्वात्तै बढेको बताए । चालु आवको छ महिनामा सवारीसाधन आयातबाट मात्रै रु १३ अर्ब ९८ करोड राजस्व




संकलन भएको छ ।

जबकी गत आवको सोही अवधिमा रू १२ अर्ब ७७ करोडको सवारीसाधन भित्रिदा रू १० अर्ब २१ करोड राजस्व संकलन भएको थियो । वीरगञ्ज नाका हुँदै चालु आवको छ महिनामा रु ९३ करोड मूल्यका ४३४ वटा जीप, कार र भ्यान आयात भएका छन् । त्यसैगरी रु चार अर्ब ५६ करोड मूल्यका ३२ हजार ३३१ वटा मोटरसाइकल अन एसेम्बल्ड आयात भएको छ ।

रू एक अर्ब छ करोड मूल्य पर्ने ३८० वटा ट्रक, मिनी ट्रक आयात भएको छ । त्यसैगरी रू एक अर्ब २३ करोड मूल्य पर्ने १० हजार ७९७ वटा ट्याक्टर तथा ट्रिलर आयात भएको छ । रू एक अर्ब ३६ करोड मूल्य पर्ने ४५६ वटा विद्युतीय जीप, कार र भ्यानहरू आयात भएको छ ।

## बाँसखर्कका किसानले सुन्तलाको मूल्य दोब्बर पारे

■ प्रभाव संवाददाता

**म्यागदी–** अन्यत्रको निखिएपछि सुन्तला टिप्न थालेका पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कका किसानले दोब्बर मूल्य पारेका छन् । अन्यत्रका किसानले सरदर प्रतिकिलो रु ७० देखि ८० का दरले सुन्तला बिक्री गरेर सकिसकेपछि बाँसखर्कका किसानले माघ लागेपछि टिप्न थालेका छन् । हाल प्रतिकिलो रु एक सय ६० का दरले बिक्री भइरहेको बाँसखर्कको सुन्तलाको भाउ दैनिकजसो उकालो चढिरहेको अगुवा किसान जगतबहादुर खत्रीले बताए ।

'देशका अन्य ठाउँको बगैंचा रित्तिएपछि व्यापारीले बाँसखर्कको सुन्तला किनेर लैजान थालेका छन्', उनले भने, 'माघ महिनासम्म बगैंचामा राखिने भएकाले बाँसखर्कको सुन्तलाले राम्रो बजारभाउ पाएको हो । माघको अन्तिममा प्रतिकिलो रु दुई सयसम्ममा सुन्तला बिक्री हुन्छ ।'

पोखरा, काठमाडौं र चितवनका ठूला व्यापारी बाँसखर्कमा सुन्तला किन्न आएका छन् । समुद्री सतहदेखि एक हजार १०० देखि एक हजार ९०० मिटर उचाइमा रहेको बाँसखर्कका २३९ मध्ये २०० घरपरिवारले सुन्तलाखेती गरेका छन् । एउटा परिवारले वार्षिक कम्तीमा रु पाँच लाखको सुन्तला बेच्छन् ।

बाँसखर्कमा ५३ वर्षअघि बलबहादुर अर्मजा र बलबहादुर खत्रीले सुन्तलाका बिरुवा लगाउँदा तप्केनी भई खेतीबाली बिग्रन्छ भनेर छिमेकीले उखेलेर फालिदिएका थिए । बाँसखर्कमा व्यावसायिक सुन्तलाखेती भित्र्याउँदा काडा रोपेर खेतबारी बिगार्न खाजेको आरोप खेपेका उनीहरू अहिले जीवित नरहे पनि समाजले सम्झिरहेको छ । अर्मजा र खत्रीको गाउँलाई समृद्ध, आत्मनिर्भर बनाउने पाँच दशकअघिको योजनाको लाभ उनका सन्ततिले मात्र नभएर सिंगो बासखर्कवासीले लिएका छन् ।

'हाम्रा बुबाले २०२८ सालमा रोपेको सुन्तलाको बिरुवा उखेलेर फालिदिएछन्, पछि २०३२ सालमा ल्याएर रोपेको बिरुवाले अहिले पनि फल दिइरहेको छ', बलबहादुर खत्रीका छोरा नरबहादुरले भने, 'बुबा बितेर गएको २२ वर्ष भयो, मैले र भाइले बर्सेनि रु १० देखि १३ लाखका दरले सुन्तला बेच्छौं । बुबाको पेन्सन हामीले खाइरहेका छौं । सुन्तलाखेतीले बासखर्कवासीको आर्थिक र सामाजिक हैसियत फेरिएको छ ।'

बाँसखर्कको एक हजार ५०० रोपनी जग्गामा सुन्तलाखेती भएको छ । यस वर्ष रु २० करोड मूल्यबराबरको सुन्तला उत्पादन हुने अनुमान गरिएको छ । बाँसखर्कमा ५१ हजार १५१ सुन्तलाका बोट छन् । विसं १९९७/९८ तिर बजारमारे र विरमारेमा सोखका लागि करेसाबारीमा एकदुई बोट सुन्तला लगाएका थिए । व्यावसायिक चेतनाको विकास र कृषि विकास बैंकले ऋण दिन थालेपछि बाँसखर्कमा २०३० को दशकमा सुन्तलाखेती विस्तार हुन थालेको अगुवा किसान बताउँछन् ।

लुम्लेको कृषि अनुसन्धान केन्द्रमा काम गर्ने बाँसखर्कका सेवानिवृत्त गोर्खा सैनिकहरूको पहलमा सुन्तलाका बिरुवाको बजारीकरण हुने भएकाले केही किसानले नर्सरी पनि सञ्चालन गरेका थिए । वार्षिक रु २३ लाखको सुन्तला बेच्ने शान्तबहादुर छिन्तेल आफूहरूको आर्थिक हैसियतमा धेरै परिवर्तन आएको बताए ।

'धान, कोदो र मकैखेती गरेर छ महिना पनि खान पुग्दैनथ्यो, छोराछोरी पढाउन र घरव्यवहार चलाउन विदेश जानुपर्ने बाध्यता थियो', उनले भने, 'अहिले आफू आत्मनिर्भर र स्वरोजगार भएर पनि अरुलाई समेत बगैंचामा काम दिन सक्ने भएका छौं ।'

बाँसखर्कको एक हजार ५०० रोपनी क्षेत्रफलमा ५१ हजार १५१ सुन्तलाका बोट छन् । सर्वेक्षणको नेतृत्व गरेका बाँसखर्कको ज्योतिमण्डल माविका प्रअ मेखबहादुर खत्रीले यस वर्ष २६ हजार ७०६ बोटमा करिब रु २० करोडको सुन्तला उत्पादन भएको छ । गत वर्ष रु १८ करोड, २०८० मा रु ११ करोड र त्यसअघिको वर्ष रु १० करोडबराबरको सुन्तला बिक्री भएको थियो । क्षेत्रफल विस्तार, फल लाग्ने नयाँ बिरुवा थपिएको, बगैंचा व्यवस्थापन, अनुकूल मौसम, दाना झर्ने समस्या कम भएको र दाना धेरै लागेकाले उत्पादन बढेको हो ।

'थप २४ हजार ४४५ सुन्तलाको बोट बगैंचामा हुर्किरहेका छन्', खत्रीले भने, 'सुन्तलाखेतीबाट एउटा परिवारले वार्षिक रु चार लाखदेखि ४० लाखसम्म आम्दानी गर्छन् ।' सबै बोटले फल दिंदा केही वर्षमा उत्पादन दोब्बर बढेर झन्डै रु ४० करोड हाराहारी पुग्ने अनुमान गरिएको छ ।

बाँसखर्कका किसानले धान, कोदो, मकै, गहुँखेतीको विकल्पमा सुन्तलाखेती गरेका छन् । पहिले बाँसको जंगल भएको र हिउँदमा गाईभैंसी, भेडाबाख्राको गोठ राख्ने भएकाले बाँसखर्क रहन गएको किंवदन्ती छ । पुरानो बाँसखर्कको पाखो अहिले सुन्तलाखर्कमा परिणत भएको छ ।

सुन्तला बगैंचा अवलोकन गर्न पर्यटक आउँछन् । म्याग्दी र पर्वतलाई समेटिएको अन्नपूर्ण-धवलागिरि सामुदायिक पर्यावरणीय पदमार्गको प्रवेशविन्दु बाँसखर्क हो । माथिल्लो बाँसखर्कमा घरबास सञ्चालन भएको छ ।

## हिउँदे वर्षाले काँचो इँटामा क्षति



■ प्रभाव संवाददाता

**नेपालगञ्ज–** दुई दिनसम्म परेको हिउँदे वर्षाका कारण बाँकेमा काँचो इँटामा क्षति पुगेको छ । यहाँस्थित एउटा भट्टामा ५० लाखदेखि एक करोड थान तयार पारेर सुकाउन राखिएको काँचो इँटामा क्षति पुगेको इँटा व्यवसायी संघ लुम्बिनीका उपाध्यक्ष दीपक अधिकारीले जानकारी दिए । उनका अनुसार बाँकेमा मात्रै करिब रु १० करोडको इँटा नोक्सानी भएको छ ।

उपाध्यक्ष अधिकारीले काँचो इँटामा क्षति पुगेपछि यसको असर उत्पादनमा पर्ने भएकाले इँटाको भाउ बढने संकेत गरे । 'उत्पादन भएको इँटामा क्षति भएपछि यसको प्रभाव इटाँको बजार भाउमा पनि पर्न सक्छ', उनले भने । अधिकारीले काँचो इँटाको बिमा गर्न नमिल्ने भएकाले व्यवसायीले वर्षामा क्षति व्यहोर्नुपर्ने अवस्था रहेको उल्लेख गर्दै पानीले भिजेका कुनै इँटा काम नलाग्ने बताए ।

जिल्लामा रहेका करिब ७० इँटा उद्योग र बर्दियामा रहेका करिब २३ इँटा उद्योगमा तयारी अवस्थामा रहेका काँचो इँटामा वर्षाले क्षति पुर्‍याएको छ । विगतमा माघ १ गतेपछि मात्रै इँटाभट्टा सञ्चालन हुने भएकाले अहिले इँटा पकाउन तयारी अवस्थामा रहेको समयमा पानी परेपछि क्षति भएको व्यवसायीले जनाएका छन् ।

करिब रु चार करोड लगानी रहेको इँटा उद्योगमा ३०० हाराहारीमा जनशक्ति छन् । एउटा इँटालाई रु १५ पर्छ । बाँकेको नेपालगञ्जबाहेक खजुरा, जानकी, नरैनापुर, डुडुवा, राप्तीसोनारीलगायत स्थानमा इँटाभट्टा सञ्चालनमा रहेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ